संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

TIMES NATIONAL FORTNIGHTLY

राष्ट्रिय पाक्षिक

www.saharatimes.com.np

● वर्ष १४, ● पूर्णाङ्क ३०५, ● अंक २१ ●२०८० साल साउन १-१५ गते (17 July, 31 July, 2023) ● मूल्य रु. १०



## आरती हत्या प्रकरण

# हत्या कि आत्महत्या !

◆ छोरीको बारेमा यसरी सम्धीको मोबाइलबाट फोन आएपछि हतारिदै विनोदले जनकपुरमा रहनु भएका आफ्नो कान्छी छोरी मनिषा साहलाई फोन गरेर कब्या अस्पताल पठाउनु भयो र आफू पनि श्रीमती निर्मलादेवीलाई साथ लिएर आठ किलोमिटर टाढा रहेको जनकपुरका लागि हिड्नुभयो।

◆ आरतीका माइती पक्षले त्यो आत्महत्या हुँदै होइन, आरतीको ससुरा र श्रीमानले हत्या गरेको दावी गर्न छाड्नु भएन। माइतीपक्षले प्रहरीमा आरतीका ससुरा र श्रीमानविरुद्ध कर्तव्य ज्यानको जाहेरी दिन खोजे तर प्रहरीले लिन मानेन।

◆ अनुसन्धानका क्रममा मोतीबाबु साहले झगडा हुँदा आफूले तीन झापड हानेर बाहिर गएको तर साँझ आउँदा घरमा भित्रबाट चुकुल लागेको थियो। ढोका फुटालेर भित्र जाँदा आरती झुण्डिएको अवस्था भेटिएको र अस्पताल ल्याउन मृत घोषणा गरेको बयान उहाँले दिनुभएको छ ।

◆ प्रहरीको क्रियाकलाप शंकस्पद रहेको दावी माइती पक्षको रहेको छ। आरतीका बहिनी मनिषा साह भन्नुहुन्छ, ‘ कागज गर्न बोलाएपछि हामी त्यहाँ गयौँ तर प्रहरीले पहिले नै कागज तयार पारेर राखेको रहेछ । हामीले भनेको भन्दा फरक कुरा उल्लेख गरेर हस्ताक्षर गराउन खोज्यो।

गत जेठ ७ गते साँझ ६:३० बजेतिर धनुषा जिल्लाको नगराइनका विनोद प्रसाद साहलाई उहाँकै सम्धीको नम्बरबाट फोन आयो, ‘आरती बेहोस भएकाले उसलाई जनकपुरको काव्या अस्पताल ल्याएका छौं, तपाई छिट्टो आउनुपर्‍यो ।’

छोरीको बारेमा यसरी सम्धीको मोबाइलबाट फोन आएपछि हतारिदै विनोदले जनकपुरमा रहनु भएका आफ्नो कान्छी छोरी मनिषा साहलाई फोन गरेर कब्या अस्पताल पठाउनु भयो र आफू पनि श्रीमती निर्मलादेवीलाई साथ लिएर आठ किलोमिटर टाढा रहेको जनकपुरका लागि हिड्नुभयो । बाटोमा हुँदा नै मनिषाले आरती बहोस भएर अस्पतालमा भर्ना हुनुभएको कुरा आफ्नी आमालाई बताई सक्नुभएको थियो । तर दिदीको खुट्टा, हात छाम्दा केही चाल पाएको छैन त्यति भनेपछि निर्मलादेवीले फोन काट्नुभयो र टेम्पोबालालाई रुदै भन्नुभयो, ‘छिट्टो टेम्पो कुदाउनु न मेरी छोरीलाई उनीहरुले मारिसके ।’ त्यो दिन निर्मलाको आँखामा आएको आँसु आजसम्म रोकिएको छैन, जीउ सुकि सक्यो आँसु सुकेको छैन । त्यो दिन मनिषा अस्पताल पुग्दासम्म आरतीको मृत्यु भइसकेको थियो । त्यो कुराको जानकारी मनिषाले अस्पताल पुग्ने बित्तिकै थाह पाइसक्नुभएको थियो । तर आमालाई मृत्युको बारेमा भन्नुभएको थिएन तर आमा न हो, मनिषाको कुराबाट नै थाह पाइक्नु भएको थियो कि आरतीको मृत्यु भइसकेको छ ।’ आरतीको ससुराको व्यवहारका कारण नै थाह पाइसक्नु भएको थियो छोरीमाथि पक्कै पनि केही जोर जुलुम भएको हो । र, त्यही भएर अचानक अस्पताल भर्ना भएको हो ।

मोटरसाइकल र दराज माग्दै ससुरा र श्रीमानले कुटपिट गरेपछि बैशाखमा आरती माइती पुग्नुभएको थियो । आमा-बुवालाई सबै कुरा विस्तार सुनाउनु भएको थियो । त्यसरी दहेजका लागि कुटपिट गरेको त्यो पहिलो थिएन । त्यसअघि पनि उहाँमाथि कुटपिट भएको थियो । यी कुराहरु आरतीले फोनमै आफ्ना आमाबुवालाई भन्नुहुन्थ्यो । तर अलि बढी नै भएपछि गत बैशाखमा आरती आमा-बुवासँग भेटेरै कुरा गर्नुभएको थियो ।

आरतीको कुरा सुनेर उहाँका आमाबुवाले मोटरसाइकल र दराजको व्यवस्थामा लाग्नुभएको थियो । त्यहीं बीचमा श्रीमान मोतीबाबु साह आरतीलाई लिन नगराइन पुग्नुभएको थियो । अब केही हुँदैन, केही दुख दिन्न भन्दै मोतीबाबुले श्रीमती आरतीलाई साथमा लिएर घर फर्किनु भएको थियो । त्यसका १० दिनपछि त्यो घटना भएको थियो । घटना सुन्ने बित्तिकै विनोद र निर्मलाको आत्माले भन्यो ‘छोरी आरतीलाई हत्या गरेको हो ।’

**प्रहरीको दावी**

छोरीको हत्या भएको भन्दै आरतीका आमा बुवाले रुन कराउन थाल्नुभएको थियो । आरती साहका ससुरा मदन मोहन साहले मोती

बाँकी पृष्ठ ८ मा

## यस भित्र



नेपालको राष्ट्रिय जनगणना २०७८ र मैथिली भाषाको अवस्था
● लेख, पृष्ठ ४



अहिलेको संसदीय अभ्यासले हाम्रो चित्त दुखेको छ
● अन्तरवार्ता, पृष्ठ ५



विजेताको अन्तिम इच्छा, ‘पत्रकारिता गर्दा गर्दै मर्न पाउ’
● मध्यपृष्ठ, पृष्ठ ६



रविनाको छोरी थडानी फिल्ममा
● पृष्ठ ९



राजनीतिमा अशोक झा यसरी जमे सोलुमा
● पृष्ठ १०

अभिमत

# सम्पादकीय

## चुरे विनाशले पानी अभाव

वर्षायाम सुरू भएको छ तैपनि तराई मधेश तथा चुरेक्षेत्रका बसिन्दाले खानेपानीको अभाव झेलिरहेका छन् । तराई मधेशमा पानीको सतह घटेपछि खानेपानीका अभाव सुरू भएको हो । महोत्तरी, सिरहा, सर्लाही, उदयपुर, धनुषालगायतका जिल्लाका कतिपय गाउँमा त्यहाँका जनताले पानी किनेर वा टाढा टाढाबाट पानी ल्याएर खान्न बाध्य भएका छन् भने कतिपय ठाउँमा ट्याङ्करको पानी वितरण गरिरहेका छन् । महेन्द्र राजमार्ग वरपर समस्या निकै बल्झेको छ । हातेपाइप सुक्न थालेका छन्, इनारमा पानीको सतह घटेको छ । यस्तो हुनुको एउटै कारण चुरे विनाश ।

चुरे क्षेत्रका बस्तीमा बाह्रमास पानीको अभाव हुन्छ तर फागुनदेखि अत्याधिक अत्याधिक समस्या सुरू हुन्छ । बढ्दो वन विनाश र उत्खन्नका कारण पछिल्ला समय खानेपानीको स्रोत सुक्न थालेपछि यसरी पानीको हाहाकार हुने गरेको छ । सर्लाही जिल्लाका चुरे क्षेत्रमा रहेका भालुखोप, केराबारी, बेलडाँडा, बिलन्दी, कौवा, दापडाँडा, कालिञ्जोर, गुइडुङ, परवानीपुर, नारायणखोला, अत्रौलीलगायत क्षेत्रमा हरेक वर्षको गर्मी मौसममा खानेपानीको समस्या हुने गरेको छ । त्यस्तै धनुषाको नक्टाझिल, ढल्केवर, पुष्पवलपुर, बेंगाडावर, धारापानी, राधापुर, गोदार, नवटोली, दिगम्बरपुरसहित दर्जन बढी गाउँमा पानीको समस्या विकराल बन्दै गएको छ । सिरहाको चोहर्वा, असनपुर, गोलबजार, मुसहरिनियाँ, कसहा, निपनियाँलगायतका क्षेत्रमा पनि पानीको अभाव देखिएको छ । चुरे विनाशका कारण त्यस क्षेत्रका पानीका मुहान नै सुक्न थालेका छन् । पानीको सतह भाँसिएका कारण इनार, बोरिङ, हातेपाइप, पोखरीलगायतका अधिकांश पानीका स्रोत सुकेको स्थानीयवासी बताउँछन् ।

बढ्दो वन विनाश र खोला उत्खननले गर्दा पछिल्ला वर्षमा खानेपानीका स्रोत चाँडो सुक्न थाले चुरे क्षेत्रमा रहेका बस्तीमा पानीको हाहाकार बताइन्छ । चुरे क्षेत्रका बासिन्दा एक गाग्री खानेपानी जोहो गर्न घण्टौँ उकालीओराली गर्न बाध्य छन् । केही वर्ष अघिसम्म हातेपाइपमा २५ देखि ४० फिटमा पानी आउँथ्यो । इनारहरूमा पनि हुन्थ्यो । पोखरीहरू भरिभराउ हुन्थ्यो तर अहिले एक सय फिटमा पनि पानी आउन गाह्रो मान्छ । डेढ सय, दुई सय फिटसम्म हातेपाइप जडान गर्नुपर्छ, त्यसमा पनि मुस्किलले पानी आउँछ । महेन्द्रराज मार्गभन्दा तलका गाउँका इनारहरू नै हराई सकेका छन् । कहि कतै छन् भने त्यो प्रयोगमा छैन । महेन्द्रराजमार्ग भन्दा माथि हातेपाइप जडान हुँदैन त्यसैले त्यहाँ इनारमाथि निर्भर हुनुपरेको छ । तर त्यो इनारमा पानी सुकिएको छ ।

नेपालको भौगोलिक विश्लेषण गर्ने हो भने यहाँ चुरे, महाभारत र हिमालय गरी तीनथरि पर्वत श्रृंखलाको उपस्थिति पाउन सकिन्छ । तराई र मध्य पहाड छुट्याउने चुरे तराई–मधेसको जीवन रेखा (लाइफ लाइन) हो । यसले यस क्षेत्रका जनताबीच जीवन सञ्चार गरिरहेको छ । तर यसको महत्व जीवनदायिनी हुँदाहुँदै पनि केन्द्रीय र क्षेत्रीय राजनीतिको बहस तथा आर्थिक लोभको प्रवृत्तिले चुरे संरक्षणको विषयलाई गौण बनाइएको छ । चुरे विनाशमा कतिपय राजनेता नै संलग्न रहेको तथ्यहरू बाहिर आएका छन् । सरकारले नै चुरे विनाशका लागि नीति ल्याएका छन् । आर्थिक स्रोतका लागि गिटी, बालुवा निर्यात गर्ने भनि सरकारले नीति नै ल्याएको छ तर त्यो कहाँबाट ल्याउने उल्लेख छैन । जति पनि गिट्टी बालुवा उत्खन्न गर्ने काम हुन्छ ती सबै चुरेमा नै हुन्छ ।

एकातिर सरकारले चुरे संरक्षणका लागि बजेट छुट्याउँछन् भने अर्कोतिर बालुवाट, गिटी उत्खनन्न गरी बेचबिखन गरिरहेको छ । र, त्यसको मार अहिले चुरे क्षेत्रका बासिन्दाले भोगि रहेका छन् । जताततै उत्खनन् गरेको कारण भुक्षय हुने गरेको, अनियन्त्रित बाढी आउने गरेको, पहिरो जाने गरेको छ । जसले निकै ठूलो क्षति भएको छ । चुरेको प्राकृतिक सम्पदा र पारिस्थितिकीय प्रणालीको संरक्षण गर्दै दीगो विकास र वातावरणबीच सन्तुलन कायम राख्नु जरूरी छ । तर पछिल्लो दिनमा चुरेलाई पहाड र मधेसको सीमाका रूपमा मात्रै परिभाषित गर्ने जुन प्रयत्न भइरहेको छ, त्यो घातक छ । मधेस र पहाडका राजनीतिकर्मीबीचको गोलचक्करमा फस्न बाध्य चुरेलाई कसैले पनि आफ्नो प्राथमिकतामा राखेको पाइँदैन ।

## तथ्यांक आफै बोल्छ

### विश्वको आर्थिक वृद्धिदर

| अर्थतन्त्र | २०२१ | २०२२^प |
|---|---|---|
| विश्व अर्थतन्त्र | ६.० | ३.२ |
| विकसित अर्थतन्त्र | ५.२ | २.४ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ६.६ | ३.७ |
| उदीयमान तथा विकासशील एशिया | ७.२ | ४.४ |
| उदीयमान तथा विकासशील युरोप | ६.८ | ० |
| मध्यपूर्व तथा मध्य एसिया | ४.५ | ५ |
| न्यून आय भएका विकासशील अर्थतन्त्र | ४.१ | ४.८ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२२ अक्टोबर*

# पाठक पत्र

saharatimes.com.np@gmail.com


सहारा टाइम्स
SAHARA TIMES NATIONAL FORTNIGHTLY
www.saharatimes.com.np
● वर्ष १४, ● पूर्णाङ्क ३०४, ● अंक २० ● २०८० साल असार १६-३१ गते (1 July, 16 July, 2023) ● मूल्य रु. १०

नेपालमा चीनको हस्तक्षेप

## एक मुटु दुई ज्यान

प्रचण्ड र उपेन्द्र यादवको एक मुटु दुई ज्यान रहेको छ । (प्रचण्डबिना उपेन्द्र अधुरो, वर्ष १४, अंक १९) लाग्छ एक अर्काबिना दुवैजना बाँच्न सक्नुहुन्न । उहाँहरु एक अर्काबिना अधुरो हुन्छ जस्तो लाग्छ । माओवादी जनयुद्धकालमा दुवै जनाको भेटघाट पनि हुँदैन्थ्यो । त्यतिबेला प्रचण्डले उपेन्द्रलाई चिन्नु हुन्थेन । जब माओवादी शान्ति प्रकृयामा आयो अनि उहाँहरुको बीचमा चिनजान भएको हो । मोहन वैद्य, सुरेश आलेमगरको साथमा पक्राउ पर्दा उपेन्द्र यादव चर्चामा आउनु भएको थियो । देश विदेशमा उहाँलाई सबैले चिन्न थाल्नुभएको थियो । मधेश जनअधिकार फोरम गठन गरेर उहाँ तराई मधेशमा सक्रिय हुनुभयो त्यसपछि उहाँले हाइट लिन थाल्नुभयो । मधेश आन्दोलनले त उहाँलाई मसिहा नै बनायो ।

***बाबुराम अधिकारी, काठमाडौँ, गैरीगाउँ***

## चीनलाई बदनाम गर्ने काम

नेपालमा चीनको होइन, भारतको हस्तक्षेप रहेको छ । यो पत्रिकाले पूर्वाग्रही ढंगबाट यो समाचार बनाएको हो । नेपाली जनताले चीनको हस्तक्षेप कही देखिएका छैन । चीनले नेपालमा काम गर्न आएको हो । उसले नेपालमा विकास गरिरहको छ । चीनले नेपालमा ठूला ठूला काम गरेको छ। तर भारतले कुनै त्यस्तो महत्वपूर्ण काम गरेको याद छ। काठमाडौँ उपत्यकामा घुम्दा ठाउँ ठाउँमा चीनले ठूला ठूला पूर्वाधार बनाएको हेर्न पाइन्छ तर भारतको केही देखिएको छैन। सडक, एयरपोर्टदेखि लिएर विभिन्न परियोनाहरु तयार गरेको छ। चीनलाई व्यपार र विकाससँग मात्र मतलब हुन्छ। भारत जस्तो हरेक कुरामा हस्तक्षेप गर्दैन। भारतले त नेपाललाई आफ्नो एउटा राज्य जस्तो व्यवाहार गरिरहेको छ।

***विनोद रसाइली (फेसबुकबाट)***

## चीनको चपेटमा नेपाल

चीनले विभिन्न देशलाई आफ्नो ऋणको पासोमा फँसाई सकेको छ। नेपाल पनि त्यसको चपेटमा फँस्दै गइरहेको छ। बीआरआइ त्यही पासको जाल हो। जालभित्र चारा हालेको छ। नेपाल लोभिदै त्यसमा फँसिदै गइरहेको छ। 'वाल स्ट्रीट जर्नलको रिपोर्ट अनुसार सन् २०१६ मा पहिलो पटक चीनका ठूला चारमध्ये तीनवटा बैंकले देशभित्र व्यावसायिक ऋण दिनुभन्दा विदेशमा बढी ऋण लगानी गरेका छन्। सो रिपोर्ट अनुसार चीनले त्यस्ता देशमा आफ्ना कम्पनीहरूलाई अगाडि सारिरहेको छ जहाँ एकपक्षीय रूपमा उसले मुनाफा आर्जन गर्न सकोस्। त्यसमध्ये एउटा नेपाल पनि हो। दक्षिण एसियाका पाकिस्तान, श्रीलङ्का र माल्दिभ्समाथि चीनको ठूलो ऋणभार छ।

***दीपेन्द चौहान, बारा, कैलया-८***

# फेसबुक



**सोहन साह**

मधेश अपडेट र मधेशको इतिहास : असार महिना लागेपछि निर्माण ठेकेदारहरु मात्र होईन कि मसिजिवीहरु पनि active हुन्छन् । जस्तैः वर्षौंदेखि सुतेको मधेश विश्वविद्यालयले आउने साउनदेखि नै कक्षा सञ्चालन गर्ला जस्तो तयारी गरेको देखिन्छ । खैर, मसिजिवीहरु पनि असारमै active हुने प्रसङ्ग हो, मधेशको इतिहास लेखनको गोष्ठी । विगतमा रातो किताबमा राखेको बजेट यतिकै freeze भयो । १.५ करोड राखेको थियो । अहिले फ़ेरि चर्चामा छ, त्यो पनि असार महिना मै । मेरो जिज्ञासा अलि फरक छ। केहि तर्क यस्तो होला:

(१) म इतिहासको विद्यार्थी होईन । मेरो इतिहासको ज्ञान सिमित छ ।

तर, मेरो जिज्ञासा: के मधेशको प्रमाणिक इतिहास लेख्न सक्ने सीप, ज्ञान मधेशको क्षेत्रीय क्याम्पसहरुमा (रा राब, ठकुरराम, सिरहा वा राजविराज क्याम्पस) छ ? त्यो नै ठूलो प्रश्न हो । किनभने यी क्याम्पसहरु नै हुन् । मधेश प्रदेशमा मुख्यगरी ज्ञानका संस्थागत थलो । यदि यी थलोहरुमा इतिहास लेखन हुन्थ्यो भने मान्न सकिन्थ्यो के केही होला कि ? तर, हाम्रो दुर्भाग्य कि हाललाई यस्तो देखिदैन । यद्यपि, व्यक्तिगत प्रयासले इतिहास लेखन कार्य बेग्लै कुरो हो । तर, यसको केही सिमितिता पनि छन् । विस्तृत चर्चा पछि ।

(२) मधेश भनेकै के हो ? दुई नम्बरियालाई मात्र "मधेश" भनेको हो कि अरुलाई पनि ?? के अहिलेको "सरकारी" मधेश प्रदेशले इतिहास लेखनको लागी निकालेको बजेटको TOR मा कहाँसम्म "मधेश" परेको छ ? कसैलाई थाहा भए खबर पाउँ ।

(३) सुनियो कि मधेश प्राज्ञ प्रतिस्ठानलाई "मधेश इतिहास" लेखन वा समायोजन को जिम्मा दिएको छ । उपन्यास लेखन र प्रमाणिक इतिहास लेखनमा आकाश जमिनको फरक हुन्छ । कतै मधेश इतिहास उपन्यास जस्तो नहोस् , डर लागेको छ ।

(४) मधेश सरकारले "इतिहास" लेखनको कामलाई "project" जस्तो सार्वजनिक खरिद ऐनको ठेक्कापटावला system जस्तै बुझेको छ भने "गाइल भैंस पानी मे" जस्तो होला । किनभने मैले थोरै बुझेको "इतिहास" लेखन वर्षौं चल्ने प्रक्रिया हो । यदि यसलाई आसरमा सकाउनुपर्ने प्रोजेक्ट जस्तो बुझेको छ भने "इतिहास होइन , हामीले उपन्यास" पढ्ने छौं ।

(५) सुनिदै छ कि दरभंगाबाट पनि इतिहास विज्ञहरु मगाइदै छ । यदि हो भने मधेशको इतिहास होइन, मिथिलाको इतिहास बरु बन्ला । हेक्का होस् कि मिथिलाको प्रमाणिक इतिहास पहिलेदेखि नै छ, थैलो भरेर । मिथिला भारतको बिहारमा होला, नेपालमा मिथिलाको कल्पना गरिएको छैन । जे होस्, मिथिलाको चिन्ता दरभंगाले गरोस् ।

हामी चाहिँ, मधेशको चिन्ता गरौं । मधेशको इतिहास खोज्ने हो भने "you cannot affoard to make wrong choices" ‼ नत्र भने "मधेशको इतिहास" मजाक बन्ने छ । जे होस् , "सरकारी" मधेश प्रदेश सरकारको यो प्रयास राम्रो छ । यसलाई सकारात्मक नै लिनु पर्छ । फ़ेरि पनि आफ्नो जिज्ञासा राख्ने पाउने होला नि लोकतन्त्रमा ‼

**सुरेन्द्र चौधरी**



कुरा सीताको होइन । कुरा न त भारत र नेपाल को हो । कुरा नियत र नियती को हो । कुरा न्याय प्रतिको आस्था र अनास्था को हो । यो अवस्थामा न्यायलयलाई कस्ले पुर्यायो ? बालेनले अदालतलाई चुनौती दिंदा आम नागरिक अदालतको बिरुद्ध उभिनु पर्ने अवस्था यो देशमा कस्ले ल्यायो ? सुध्रिने कि अझै पनि धम्की दिने ? अदालतको एउटा फैसलाले ५० दिनदेखि Northeast भारत मणिपुर जलिराखेको छ । बालेनको बिरुद्ध अदालत जाँदा त्यही हालत नहोला भन्न् सकिन्न । म बालेनको पक्षमा यस कारणले उभिएको छु कि संबिधानले सबै पालिका र नगर पालिकालाई समान अधिकार दिएको छ । देश भरका स्थानिय सरकारहरु बिगत ८ वर्षदेखि केन्द्र सरकारले काम गर्न दिएन भन्ने रोइलो गर्छन् तर बालेन एक्लै केन्द्र सरकार लाई चुनौती दिन्छन् ।

भारतमा गान्धीजीले गणतन्त्र र स्वतन्त्र भारत घोषणा हुने बित्तिकै "मेरो अर्को लक्ष्य भनेको भारतलाई गणतान्त्रिक गाउँहरुको मुलुक बनाउने" घोषणा गरेका थिए । उनकै भाषामा "my next mission is to make India the country of republican villages". हाम्रो यहाँ त नेताहरुले सबै थोक केन्द्र हो भन्ने नियतले काम गर्न थाले । यस्तो बेलामा बालेनले चुनौती दिंदा उनको पक्षमा न उभिने हुन्छ र ?

# पहिचानबिनाको मधेश !

मधेशवादी दलका नेताहरुले सात प्रदेशमध्ये 'मधेस प्रदेश' मात्रै यस्तो प्रदेश हो जो मधेशको पहिचनको आधारमा बनेको दावी गर्दै आउनु भएको छ । तर पहिचानको आधारमा मधेश प्रदेश नामकरण गरिए पनि मधेस प्रदेशसँग आफ्नो पहिचानको कुनै दस्तावेज छैन । प्रश्न उठ्छ आखिर पहिचानको आधारमा मधेश प्रदेशको नामाकरण भएको हो ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव भन्नुहुन्छ, ' विगतमा राज्यले नै मधेशलाई अस्वीकार गरेका कारण कुनै आधिकारिक दस्तावेज छैन, बरु भएका दस्तावेजलाई नष्ट गर्ने काम राज्यको तर्फबाट भएको हो, मधेशको पहिचान मेटाउने प्रयास भएको हो, त्यसैले अब ढिलो नगरिकन मधेशको आफ्नो पहिचानसहितको दस्तावेज तयार गर्नुपर्छ ।'

त्यसबेला राजा, महाराजाका कथा, कहानीलाई नै नागरिकको संस्कृति र पहिचान मान्ने प्रवृत्तिले मधेशका दस्तावेज, त्यसको पहिचान ओझेलमा परेको हो । नेपालभन्दा मिथिला क्षेत्रको इतिहास धेरै पुरानो भए पनि नेपालको राजनीतिक सीमाङ्कनपछि त्यसलाई कमजोर बनाउने काम भएको बताउँदै अध्यक्ष यादवले भन्नुभयो, "नेपालको भन्दा पुरानो इतिहास मिथिलाको हो तर राष्ट्रियता र राष्ट्रवादी बन्ने नाममा मधेशको इतिहास, परम्परा, यहाँका जनता र गौरवपूर्ण सभ्यता ओझेलमा पार्ने काम भयो । त्यसैको प्रतिरोधमा मधेश बिद्रोह जन्मिएको थियो ।

तत्कालीन राज्यसत्ताले मधेशका विषयमा विमति राखे पनि यो भूमिले ओगटेका २२ जिल्ला र यहाँको सामाजिक जीवन र त्यससँग जोडिएका विविध पक्षहरु अस्वीकार गर्न नसकिने बताउनु हुन्छ भाषा आयोगका अध्यक्ष डा गोपाल ठाकुर । विगतमा 'एक भाषा, एक देश' को नीति लिएका कारण असमानताको खाडल बढेको र त्यसको मारमा सबैभन्दा बढी मधेशीहरु परेका छन् । भाषा बोल्ने र लेख्ने माध्यम मात्रै होइन यो त राज्यले दिएका अवसरहरुसम्म पुग्ने आधार पनि हो तर राज्यको 'एक देश, एक भाषा' नीतिले मधेशी वर्षौं वर्ष राज्यले प्रदान गर्ने सेवा र अवसरबाट बञ्चित हुनुपर्‍यो ।

अब त्यो सबै कुराको दस्तावेजीकरण गरिनुपर्छ र आफ्नो भाषा आफ्नो पहिचानको संरक्षण गरिनुपर्छ । भोलिको पुस्तालाई हिजोदेखि आजसम्मको यथार्थ भन्नुपर्छ । उहाँले इतिहास राज्यसत्ताले लेख्नुपर्ने हो तर हिजो मधेश स्विकार नगर्ने राज्यले त्यसको इतिहास लेख्छ भनि कल्पना गर्न नसकिने बताउनुभयो । त्यसैले आफू अघि बढ्नुपर्ने उहाँको जोड छ । मधेश के हो रु त्यसको पौराणिक, प्रागऐतिहासिक र ऐतिहासिक सन्दर्भसहित समग्रतामा यहाँको इतिहास लेख्न जरुरी छ । 'एक भाषा एक भेष, एक राजा एक देश' को भाष्य निर्माण गर्न अङ्गीकार गरिएको गलत नीतिका कारण मधेशको पहिचान अतिक्रमणमा परेको बुझाइ छ, पूर्वराजदूत विजयकान्त कर्णको । हिजो जे भए पनि अब त्यो विशिष्टतालाई ध्यान दिँदै मधेशको उत्पत्ति, भूगोल, लोक साहित्य र संस्कृति, जातजाति र भाषाभाषी तथा जीवनशैलीको खोज अनुसन्धान एवं एकीकृत दस्तावेज बनाउन ढिला गर्नु हुँदैन ।

वरिष्ठ पत्रकार एवं प्रेस स्वतन्त्रता सेनानी राजेश्वर नेपाली भन्नुहुन्छ, ' "मैले धोती, कुर्ता लगाएको, हिन्दी बोलेको र म नेपाली र मधेसी दुवै हुँ भनेर लेखेको र बोलेकै भरमा जेलनेल भोगे । पटकपटक छ देखि पढाइयो । त्यसबाट तराईमा बस्नेहरु भारतीय हुन् भन्ने सन्देश दिइयो । पाठ्क्रमबाट त्यो कुरा हटाउन ठूलो लडाईं लड्नुपरेको छ", त्रिपाठी भन्नुहुन्छ, "अब लेखिने इतिहासमा कालखण्डगत रुपले हरेक पाटाहरुको खोजी गरिनुपर्छ । त्यसका लागि हामी सबैको सहयोग रहन्छ ।" भारतीय इतिहासकार अमरेशकान्त झा "केही नभेटिए लोकआस्था, लोककथन, लोकगाथा र मौखिकरुपमा व्यक्त महत्वपूर्ण कुराहरुलाई पनि आधार मान्न सकिन्छ । हामी भारतीय पक्षबाट आवश्यक सहयोगका लागि तयार छौ ।" मधेस प्रज्ञा-प्रतिष्ठानका अध्यक्ष रामभरोश कापडीले मधेसको आधिकारिक इतिहास खोज्दा कतै भेटिँदैन ।

बाँकी पृष्ठ ११ मा

# प्रचण्ड शोकमा भएको बेला पार्टीभित्र हुँदैछ यस्तो खेल

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'का श्रीमती सीता दाहालको निधन भएको छ । प्रधानमन्त्री समेत रहनु भएका माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड शोकमा हुनुहुन्छ । सीता दाहाललाई श्रद्धाञ्जली तथा शोकसन्तव्य परिवारलाई संवेदना प्रकट गर्न दिनका दिन शुभचिन्तकहरु बालुवाटार पुगिरहेका छन् । प्रचण्ड शोकमा भएको बेला पनि पार्टीभित्र खेलहरु भइरहेका छन् । पार्टीभित्र दुई किनारमा रहनु भएका उपमहासचिवद्वय जनार्दन शर्मा र वर्षमान पुन मिल्नुभएको छ । यी दुई शक्ति कसरी मिले, सबैलाई आश्चर्य लागि रहेको छ । पार्टीभित्र पावरसेयरिङका लागि जनार्दन र वर्षमानबीच प्रतिस्पर्धा थियो ।

पार्टीको महाधिवेशनमा दुवैजना महासचिवका दावेदार हुनुहुन्थ्यो । अध्यक्ष प्रचण्डले दुवै जनामध्ये एक जनालाई महासचिव बनाउन चाहनु भएको थियो । तर दुवै जनामध्ये कोही पनि पछाडी हट्न मान्नु भएन । अध्यक्ष प्रचण्डले बाध्य भएर देव गुरुङ्गलाई महासचिव बनाउनु भएको थियो । तैपनि यी दुई जनाको बीचमा विवाद अन्त्य भएको थिएन । दुवै जनाका बीचमा बोलचाल नै बन्द भएको थियो तर पार्टीभित्र आआफ्नो शक्तिको एक्सरसाइज गरिरहनु भएको थियो ।

पार्टीमा को शक्तिशाली हुने प्रतिस्पर्धा दुवै जनामा चलिरहेको थियो । प्रचण्डपछिको नेता आफू रहेको भनि दुवै जनाले देखाउन खोज्नुभयो । यी दुवै जनाको प्रतिस्पर्धा देखेर प्रधानमन्त्री प्रचण्डले कृष्णबहादुर महरालाई अगाडि सार्नुभयो । जनार्दन र वर्षमानलाई बिना सोधखोज गरी प्रचण्डले कृष्णबहादुर महरालाई सक्रिय बनाउनुभयो । आफूपछिको नेता कृष्णबहादुर महरा रहेको झझल्को दिने गरी प्रचण्ड अगाडि बढ्नुभयो । जुनकुरा जनार्दन शर्मालाई मन परेको थिएन । पार्टीभित्र जनार्दन र वर्षमान पुनको प्रतिस्पर्धा कायम नै रह्यो । यसमा महासचिव गुरुङले कुनै भूमिका देखाउन सक्नु भएका थिएन । पार्टी र संगठनका लागि महासचिवको जे भूमिका हुनुपर्ने त्यो गुरुङले नदेखाए पछि उपाध्यक्ष कृष्णबहादुर महाराले नेकपाका महासचिव विप्लवलाई पार्टीमा ल्याउने पहल गर्नुभयो ।

महराले त्यसका लागि पटक पटक वार्ता नै गर्नुभयो । पार्टी एकीकरणका लागि विप्लव लगभग तयार नै हुनुभयो तर जनार्दन र वर्षमानले त्यसलाई भित्रैबाट असहयोग गरेपछि त्यो सफल भएन । उपाध्यक्ष महराले विप्लवलाई पार्टीमा ल्याएर महासचिव बनाउने सोच बनाउनुभएको थियो । तर एकीकरण हुनसकेन । एकीकरण हुन नसकेपछि महराले समाजवादी मोर्चामार्फत पार्टीको नजिक ल्याउनुभयो । मोर्चा बनेपछि पार्टी एकीकरण गर्न समस्या नहुनेमा उपाध्यक्ष महरा लागि पर्नुभएको छ । तर त्यसलाई जनार्दन र वर्षमानले रुचाई रहनुभएको छैन । प्रधानमन्त्री प्रचण्ड र उपाध्यक्ष महराले विप्लवलाई ल्याएर पार्टीमा शक्तिशाली नेता बनाउने भएपछि जनार्दन शर्मा र वर्षमान पुन आपसमा मिल्न बाध्य

बाँकी पृष्ठ ११ मा

# आरजुको जवाफ सुनेर बानियाँको उड्यो होसहवास

नेपाली काँग्रेस पार्टीमा इन्द्रबहादुर बानियाँलाई पार्टीका सभापति शेरबहादुर देउवालाई सबभन्दा नजिक मानिन्छ । काँग्रेसमा विनोद चौधरीभन्दा पछिको धनाढय व्यक्तिको रुपमा चिनिनु भएका इन्द्रबहादुर बानियाँले पार्टी नेतृत्वबाट धोका पाएको भन्दै गुनासो गर्दै हिड्नु भएको छ ।

कुरा सात महिना अगाडिको हो तर त्यति पुरानो कुरा पनि उहाँले बिर्सिनु भएको छैन । २०७९ पुसमा भएको कांग्रेस बागमती प्रदेशको संसदीय दलको नेतामा बहादुर सिंह लामा निर्वाचित भएपछि बानियाँ दुखित हुनुभएको छ ।

बहादुर सिंह र इन्द्र बानियाँ दुवै जना देउवा गुटकै नेता हुनुहुन्छ । तर देउवाले इन्द्र बानियाँको बिरुद्धमा संसदीय दलको नेतामा उम्मेदवार बनाई दिनुभएको थियो । बागमती प्रदेशसभास्थित संसदीय दलको कार्यालयमा सम्पन्न निर्वाचनमा इन्द्र बहादुर बानियाँलाई ५ मतले पराजित हुनुभयो । लामाले २१ मत प्राप्त गर्नुभएको थियो भने पार्टी प्रदेश सभापति इन्द्र बहादुर बानियाँले १६ मत प्राप्त गर्नुभएका थियो । लामा नुवाकोट निर्वाचन क्षेत्र नम्बर २ (२) बाट र बानियाँ मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ (२) बाट प्रदेशसभामा निर्वाचित हुनुभएको हो । काँग्रेस बागमती प्रदेश संसदीय दलको नेता चयनका लागि ३७ जना प्रदेश सभा सदस्यहरुले मतदान गर्नुभएको थियो । त्यो चुनावमा देउवा पक्षबाट आफूलाई सहयोग नभएको कुरा बनियाँले त्यतिबेला नै थाह पाउनु भएको थियो । जति प्रयास गरेपनि पाँच मतले पराजित भएपछि बनियाँलाई कम्ती पीडा भएन । त्यो गुनासो लिएर बनियाँ देउवा निवास धुम्बाराही पुग्नु भएको थियो । भर्खर प्रधानमन्त्रीबाट पराजित भएपछि पीडामा रहनु भएका शेरबहादुर देउवा र आरजु देउवालाई एक साथ भेट्नु भएका थियो । स्रोतका अनुसार बानियाँले भेटेर सिधै भन्नुभएको थियो, 'संसदीय दलको चुनावमा तपाईहरुले किन असहयोग गर्नुभयो । मलाई भनेको भए उम्मेदारी दिँदैन्थे ।' ती स्रोतले भन्छ, सभापति देउवाले घुमाउरो पारामा भन्नुभयो बहादुरले पैसा खर्च गरे, तिमीले पैसा खर्च गरेनौं पैसा खर्च गर्नुपर्थ्यो, चुनाव त्यतिकै कहाँ जितिन्छ र ।'

आफ्नै नेता तथा कार्यकर्ताका लागि के पैसा खर्च गर्नु सबै त आफ्नै हो नि भनि बानियाँले जवाफ दिएपछि सभापति देउवाले भन्नुभएको थियो, 'त्यस्तो कहाँ हुन्छ, म आफै सांसदको चुनाव जित्न आफ्नै पार्टीका नेतालाई पैसा दिनु पर्‍यो, संसदीय दलको नेताको चुनाव जित्न खर्च गर्नै पर्‍यो चुनावमा आफ्नो वा पराय कोही हुँदैन त्यो (पैसा) मामिलामा सबै एक हुन्छ ।'

बानियाँले त्यही प्रश्न आरजु देउवालाई पनि सोध्नु भएको थियो । आरजुले सिधै भन्नुभएको थियो, 'हो मैले तपाईलाई हराएकै हो, मैले यहाँबाट सांसदलाई फोन गरेर तपाईलाई मतदान नगर्न भनेकै हो, तपाई मान्छे अलि टेढोटेढो हुनु भएको छ, मैले त तपाईलाई हराएकै हो ।' शेरबहादुर देउवाले भनेको कुरा बानियाँको समझमा आयो तर आरजुको कुरा समझमा आएन । त्यसपछि त्यसको बारेमा खोजनीति गर्न थाल्नुभयो ।

पछि बुझ्दै जाँदा त शेरबहादुर देउवा र आरजुले स्थानीय चुनावमा टिकट वितरण गर्दा भएको गडबडको बदला अहिले लिनुभएको छ । स्थानीय चुनावको समयमा बागमती प्रदेशमा टिकट वितरण गर्ने जिम्मेवारी इन्द्रबहादुर बानियाँलाई दिएको थियो । तर टिकट वितरण गर्ने बेला देउवा र आरजुको कुरा नसुनी आफ्नै तरिकाले टिकट वितरण गर्नुभएको थियो जसले उहाँ दुवै जनाको चित्त दुखेको थियो । त्यसैको बदला लिएको कुरा बानियाँ बल्ल बुझ्नु भएको हो ।

स्थानीय तहको समयमा गडबड नगरी आरजु र शेरबहादुर देउवाको कुरा मानेको भए आज बागमती प्रदेशको मुख्यमन्त्री बानियाँ हुन्थ्यो । तर एउटा गल्तीले उहाँ अहिले साथी भाइसँग पश्चताप गरिरहनु भएको छ र भनिरहनु भएको छ, 'हेर्दै जानु होला आरजुको कारण एक दिन पार्टी बर्बाद हुन्छ ।'

## फरकमत

# मधेशमा जनसँख्याको भारी



चेतन अधिकारी

गत चैतमा प्रकाशित राष्ट्रिय जनगणना २०७८ को नतिजाको प्रतिवेदनले नेपालको जनसँख्या वितरणको खाडललाई उजागर गरेको छ । देशको एकमुष्ट जनसँख्या, वृद्धिदर, जनघनत्व आदिको तथ्याङ्क हेर्दा नेपाल जनसाँख्यिक हिसाबले सुविधाजनक र सन्तोष गर्ने ठाउँमा छ । किनकि यहाँको जनसँख्या वृद्धिदर ०.९२ प्रतिशत मात्र छ । जनघनत्व १९८ प्रति वर्गकिलोमिटर छ । कूल प्रजनन दर २.१ प्रति महिला मात्र छन् । नेपालभित्र पसेर आन्तरिक रुपमा जनसाँख्यिक अवस्था केलाउँदा हिमाल र पहाडका ३४ वटा जिल्लाको जनसँख्या घटेको छ ।

बाँकी रहेका पहाडी जिल्लामा जनसँख्याको वृद्धिदर न्यून छ । तराईका २० वटा जिल्लाको जनसँख्या वृद्धिदर उच्च छ । प्राकृतिक रुपमा हुने जनसँख्याको वृद्धिदर तीनवटै भूगोलमा समान जस्तै छ । जनसँख्या घटबढ गराउने मुख्य तीनवटा कारण हुन्छन् । जन्म, मृत्यु र बसाइँसराइ । जन्मले जनसँख्या बढाउँछ मात्र । मृत्युले घटाउँछ मात्र तर बसाइँसराइ यस्तो तत्व हो जसले उद्गम स्थलमा जनसँख्या घटाउँछ भने गन्तव्य स्थलमा जनसँख्या बढाउँछ । जनगणनापछि हिमाल र पहाडमा जनसँख्या घटेकामा चिन्ता धेरै गरियो । तर सानो भौगोलिक क्षेत्रफल ओगेटेको तराईले जनसँख्याको आधाभन्दा बढी हिस्सा (५३.३ प्रतिशत ) को भार बोक्नु पर्दा आउन सक्ने असर प्रभावका बारेमा कमै मात्र बहस भएको महसुस भएको छ ।

**तराईमा यसरी थपियो**

२०७८ को जनगणनाअनुसार नेपालमा दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ छ । यसमध्ये  नेपालको तराई क्षेत्रमा एक करोड ५६ लाख ३४ हजार छ जनसँख्या छन् । पहाडमा एक करोड १७ लाख ५७ हजार छ सय २४ र हिमालमा १७ लाख ७२ हजार नौ सय ४८ जनसँख्या रहेका छन् । भौगोलिक विभाजनअनुसार तराई क्षेत्रमा झापादेखि कञ्चनपुरसम्म २१ वटा जिल्ला पर्दछन् । नवलपरासीलाई एक जिल्लाबाट दुई जिल्लामा विभाजन गरेपछि तराईमा २१ वटा जिल्ला गणना गरिएको छ । २०४८ सालमा भएको जनगणनामा तराई क्षेत्रको जनसँख्या कूल जनसँख्याको ४६.७ प्रतिशत मात्र थियो । तर सशस्त्र द्वन्द्व चरम अवस्थामा पुगेको बेला २०५८ सालमा भएको जनगणनामा ४८.४ प्रतिशत पुग्यो ।

विसं २०७२ देखि नेपालमा संघीय लोकतान्त्रिक व्यवस्था लागू भएपछि तराईमा झर्ने मानिसको बहाव कम होला भन्ने अनुमान गरिएको थियो । संघीयतासँगै मानिसहरुले विकास, स्रोत, साधन र राजनीतिक सामाजिक पहुँच आदिको पनि समान वितरणको आशा राखेका थिए । तर संविधान जारी हुनुपूर्व र संविधान जारी भइसकेपछि भएका दुई जनगणनाका तथ्याङ्क हेर्दा मानिसहरुको बहाव र रोजाइ बदलिएन । एक अर्थले भन्दा संघीयताबाट हिमाल र पहाडका अपेक्षा पूरा हुन सकेनन् । २०६८ सालमा भएको जनगणनामा नेपालको ५०.३ प्रतिशत जनसँख्या राई क्षेत्रमा बसेको थियो भने संविधान जारी भएपछि २०७८ सालमा भएको जनगणनामा ५३.३ प्रतिशत मानिसहरु तराईमा बसेको देखियो ।

नेपालको अन्नको भण्डारका रुपमा तराईलाई चित्रित गरिन्छ । नेपालमा उत्पादन भएको धान, चामल  भारतका बजारमा बिक्री गरिन्थ्यो ।  अहिले अवस्था उल्टिएको छ । हिजो धान उत्पादन गर्ने खेतहरु घरले भरिएका छन् । यसले गर्दा धान चामल निर्यात गर्ने मिलहरु जीर्ण बनेका छन् । हिजो आफैंले निर्यात गर्ने सिमावर्ती बजारबाट हामीहरु धन चामल किनेर पालिएका छौं ।

२०२८/२०२९ तिर राजा महेन्द्रले पूर्व-पश्चिम राजमार्गको अवधारणा ल्याएपछि र ठाउँठाउँमा जङ्गल फाँडेर बस्ती बसाउने अनुमति दिएपछि हिमाली र पहाडी क्षेत्रबाट मानिसहरु तराईतिर ओइरिन थालेका हुन् । नेपालको इतिहासमा २०२८ देखि २०३८ सालको एक दशकलाई एक प्रकारले बसाइँसराइको दशक माने पनि हुन्छ । किनकी २०२८ सालको जनगणनामा ३७.६ प्रतिशत भएको तराईको जनसङ्ख्या पूर्व-पश्चिम राजमार्गको निर्माण प्रारम्भ र सम्पन्न भएपछि यति बढ्यो कि २०३८ सालमा भएको जनगणनामा छ प्रतिशत बढेर ४३.६ प्रतिशत मानिसहरु तराईमा बस्ने भइसकेका थिए ।

बाँकी पृष्ठ ११ मा



डा. सूर्य प्रसाद यादव

# नेपालको राष्ट्रिय जनगणना २०७८ र मैथिली भाषाको अवस्था

## १. पृष्ठभूमि

हजारौं भाषा र तिनका भाषिका भएको दक्षिण एसिया विश्वकै अगुवा बहुभाषी क्षेत्र हो । दक्षिण एसियाको सानो हिमाली राज्यका रूपमा अवस्थित नेपाल पनि बहुभाषिकताको अवस्थाबाट वञ्चित छैन । कूल १,४७,१८१ वर्ग किलोमिटर क्षेत्रफल रहेको र पूर्व-पश्चिम ८८५ किलोमिटर लम्बाई तथा उत्तर-दक्षिण १९३ औसत किलोमिटर चौडाईमा विस्तारित नेपालको जनसङ्ख्या २९१६४५७८ (ने.रा.ज. २०७८) रहेको छ । नेपालमा जनगणनाको सुरुवात १९६८ (१९११ ई.) देखि भए तापनि यसमा भाषाको उल्लेख २००९/११ देखि मात्रै भएको छ । यसका कारणहरू मध्ये राष्ट्रिय योजनामा भाषालाई कम महत्त्व दिइनु, अतिरिक्त राष्ट्रभाषा र सरकारी कामकाजको माध्यम भाषाका रूपमा रहेको नेपाली भाषाबाहेक अन्य भाषाहरूको अस्तित्व नस्वीकार्नु आदि हुन सक्छन् (यादव र शाक्य २०६५) ।

नेपालमा विद्यमान सांस्कृतिक, पर्यावरणीय तथा जैविक विविधता अनुरूपकै भाषिक विविधता पनि छ । नेपालका विभिन्न भूभागमा बसोबास गर्ने नेपालीहरू नै उल्लेख्य सङ्ख्यामा रहेका विभिन्न भाषा बोल्ने विविधतापूर्ण जन समूहहरू हुन् । राष्ट्रिय जनगणना २०७८ मा जातजातिको संख्या १४२ र मातृभाषा संख्या १२४ कायम भएको छ । विं.सं. २०६८ सालको जनगणना अनुसारको कुल १२३ जातजातिमा १७ बटा जातजाति थप भएको छ । त्यस्तै वि.सं. २०६८ सालको जनगणना अनुसार कुल १२३ वटा मातृभाषा मध्ये १२ वटा विदेशी भाषा बोल्ने व्यक्तिहरूको संख्या न्यून भएकोले “अन्य भाषा” अन्तर्गत समावेश गरी हाल नयाँ थप भएका १३ बटा समेत गर्दा जम्मा १२४ वटा मातृभाषा कायम भएको छ । नक्शा १ मा नेपालमा बोलिने भाषाहरूको अनुमानित वितरण देखाउने प्रयास गरिएको छ:




तालिका २ मा २००९/११ देखि २०७८ सम्मका जनगणनामा उल्लेख भएका मैथिली मातृभाषाहरूको सङ्ख्या प्रस्तुत गरिएको छ ।

तालिका २: विभिन्न जनगणनामा मैथिली मातृभाषाहरूको सङ्ख्या

| क्र.सं. | जनगणना | वक्ताको संङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | २००९/११ | १०२४७८० | १२.४४% |
| २. | २०१८ | ११३०४०२ | १२.१% |
| ३. | २०२८ | १३२७२४२ | ११.४९% |
| ४. | २०३८ | १६६८३०९ | ११.११% |
| ५. | २०४८ | २१९१९०० | ११.८५% |
| ६. | २०५८ | २८०००००० | १२.३ |
| ७. | २०६८ | ३०९२५३० | ११.७ |
| ८. | २०७८ | ३२२२३८९ | ११.०५ |

*स्रोत: जनगणना (२००९/११-२०७८)*

## २. प्रदेशगत मैथिली मातृभाषीहरूको सङ्ख्या

नेपालमा हाल सात ओटा प्रदेश रहेका छन् र प्रत्येक प्रदेशमा मैथिली भाषाभाषीहरूको उपस्थिति रहेको छ। नेपालको कुन प्रसेशमा कति मैथिली मातृभाषी रहेका छन् त्यसको जानकारी तालिका ३ मा प्रस्तुत गरिएको छ।

तालिका ३: प्रदेशगत मैथिली भाषाभाषीको सङ्ख्या

| क्र.स. | प्रदेश | जम्मा जनसङ्ख्या | मैथिली भाषी |
|---|---|---|---|
| १ | कोशी प्रदेश | ४९६१४१२ | ५७९३४७ |
| २ | मधेश प्रदेश | ६११४६०० | २५५१९१७ |
| ३ | बागमती प्रदेश | ६११६८६६ | ७६४५५ |
| ४ | गण्डकी प्रदेश | २४६६४२७ | ३६४२ |
| ५ | लुम्बिनी प्रदेश | ५१२२०७८ | ५७६१ |
| ६ | कर्णाली प्रदेश | १६८८४१२ | ६३२ |
| ७ | सूर्दुरपश्चिम प्रदेश | २६९४७८३ | ४६३५ |

*स्रोत: जनगणना (२०७८)*

### २.१ कोशी प्रदेश

कोशी प्रदेशमा जम्मा १४ वटा जिल्लाहरू छन् । ती जिल्लारूमा मैथिली भाषाभाषीहरूको कुल जनसङ्ख्या ५७९३४७ रहेको छ । तिनको बिवरण निम्नानुसार छ ।

तालिका ४: जिल्लागत मैथिली भाषाभाषीको सङ्ख्या

| क्र.स. | जिल्ला | जम्मा जनसङ्ख्या | मैथिली भाषी |
|---|---|---|---|
| १ | ताप्लेजुङ | १२०५९० | २२५ |
| २ | संखुवासभा | १५८०४१ | ३२७ |
| ३ | सोमुखुम्बु | १०४८५१ | १७९ |
| ४ | ओखलढुँगा | १३९५५२ | १७८ |
| ५ | खोटाङ | १७५२९८ | ३९७ |
| ६ | भोजपुर | १५७८२३ | २४० |
| ७ | धनकुटा | १५०५९९ | ६१३ |
| ८ | तेह्रथुम | ८८७३१ | २९१ |
| ९ | पाँचथर | १७२४०० | ३५४ |
| १० | इलाम | २७९५३४ | ५४० |
| ११ | झापा | ९९८०५४ | ४१७१७ |
| १२ | मोरङ्ग | ११४८१५६ | २५९९८० |
| १३ | सुनसरी | ९२६९६२ | २६१२१० |
| १४ | उदयपुर | ३४०७२१ | १३०९६ |

*स्रोत : जनगणना (२०७८)*

### २.२ मधेस प्रदेश

मधेस प्रदेशमा जम्मा ८ वटा जिल्लाहरू छन् । ती जिल्लारूमा मैथिली भाषाभाषीहरूको कुल जनसङ्ख्या २५५१९१७ रहेको छ । तिनको बिवरण निम्नानुसार छ ।

तालिका ५: जिल्लागत मैथिली भाषाभाषीको सङ्ख्या

| क्र.स. | जिल्ला | जम्मा जनसङ्ख्या | मैथिली भाषी |
|---|---|---|---|
| १ | सप्तरी | ७०६२५५ | ५६८६९१ |
| २ | सिरहा | ७३९९५३ | ६२५८८७ |
| ३ | धनुषा | ८६७७४७ | ६९७४६० |
| ४ | महोत्तरी | ७०६९९४ | ५०१३५१ |
| ५ | सर्लाही | ८६२४७० | ११७२८६ |
| ६ | रौटहट | ८१३५७३ | ३०९७४ |
| ७ | बारा | ७६३१३७ | २८९७ |
| ८ | पर्सा | ६५४४७१ | ७३७१ |

*स्रोत : जनगणना (२०७८)*

### २.३ बागमती प्रदेश

बागमती प्रदेशमा जम्मा १३ वटा जिल्लाहरू छन् । ती जिल्लारूमा मैथिली भाषाभाषीहरूको कुल जनसङ्ख्या ७६४५५ रहेको छ । तिनको बिवरण निम्नानुसार छ ।

तालिका ६: जिल्लागत मैथिली भाषाभाषीको सङ्ख्या

| क्र.स. | जिल्ला | जम्मा जनसङ्ख्या | मैथिली भाषी |
|---|---|---|---|
| १ | दोलखा | १७२७६७ | ३६५ |
| २ | सिन्धुपालचौक | २६२६२४ | ३८१ |
| ३ | रसुवा | ४६६८९ | ६४ |
| ४ | धादिङ | ३२५७१० | ३३० |
| ५ | नुवाकोट | २६३३९१ | ३८७ |
| ६ | काठमाण्डू | २०४१५८७ | ३९०६० |
| ७ | भक्तपुर | ४३२१३२ | ६५२७ |
| ८ | ललितपुर | ५५१६६७ | १५९७३ |
| ९ | काभ्रेपलान्चौक | ३६४०३९ | ९९३ |
| १० | रामेछाप | १७०३०२ | ४५६ |
| ११ | सिन्धुली | ३०००२६ | ५४०० |
| १२ | मकवानपुर | ४६६०७३ | २८०४ |
| १३ | चितवन | ७१९८५९ | ३७१५ |

*स्रोत : जनगणना (२०७८)*

### २.४ गण्डकी प्रदेश

गण्डकी प्रदेशमा जम्मा ११ वटा जिल्लाहरू छन् । ती जिल्लारूमा मैथिली भाषाभाषीहरूको कुल जनसङ्ख्या ३६४२ रहेको छ । तिनको बिवरण निम्नानुसार छ

तालिका ७: जिल्लागत मैथिली भाषाभाषीको सङ्ख्या

| क्र.स. | जिल्ला | जम्मा जनसङ्ख्या | मैथिली भाषी |
|---|---|---|---|
| १ | गोर्खा | २५१०२७ | १५५ |
| २ | मनाङ | ५६५८ | १० |
| ३ | मुस्ताङ | १४४५२ | ४१ |
| ४ | म्यागदी | १०७०३३ | ८८ |
| ५ | कास्की | ६०००५१ | १८१५ |
| ६ | लमजुङ | १५५८५२ | १४६ |
| ७ | तनहु | ३२११५३ | ४६० |
| ८ | नवलपरासी | ३७८०७९ | ६०८ |
| ९ | स्याङ्जा | २५३०२४ | १०२ |
| १० | पर्वत | १३०८८७ | १२१ |
| ११ | वागलुङ | २४९२११ | ९६ |

*स्रोत : जनगणना (२०७८)*

### २.५ लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेशमा जम्मा १२ वटा जिल्लाहरू छन् । ती जिल्लारूमा मैथिली भाषाभाषीहरूको कुल जनसङ्ख्या ५७६१ रहेको छ । तिनको बिवरण निम्नानुसार छ

तालिका ८: जिल्लागत मैथिली भाषाभाषीको सङ्ख्या

| क्र.स. | जिल्ला | जम्मा जनसङ्ख्या | मैथिली भाषी |
|---|---|---|---|
| १ | रूकुम (पूर्व) | ५६७८६ | ० |
| २ | रोल्पा | २३४७९३ | ४६ |
| ३ | प्युठान | २३२०१९ | ५७ |
| ४ | गुलमी | २४६४९४ | ८४ |
| ५ | अर्घाखाँची | १७७०८६ | ५४ |
| ६ | पाल्पा | २४५०२७ | १७० |
| ७ | नवलपरासी (बर्धाघाट सुस्ता पश्चिम | ३८६८६८ | ४५७ |
| ८ | रूपनदेही | ११२१९५७ | २३८३ |
| ९ | कपिलवस्तु | ६८२९६१ | ३०४ |
| १० | दाङ | ६७४९९३ | ४५२ |
| ११ | वाँके | ६०३१९४ | १२९७ |
| १२ | बर्दिया | ४५९९०० | ४४८ |

*स्रोत : जनगणना (२०७८)*

### २.६ कर्णाली प्रदेश

कर्णाली प्रदेशमा जम्मा १० वटा जिल्लाहरू छन् । ती जिल्लारूमा मैथिली भाषाभाषीहरूको कुल जनसङ्ख्या ६३२ रहेको छ । तिनको बिवरण निम्नानुसार छ

तालिका ९: जिल्लागत मैथिली भाषाभाषीको सङ्ख्या

| क्र.स. | जिल्ला | जम्मा जनसङ्ख्या | मैथिली भाषी |
|---|---|---|---|
| १ | डोल्पा | ४२७७४ | २५ |
| २ | मुगु | ६४५४९ | ० |
| ३ | हुम्ला | ५५३९४ | १७ |
| ४ | जुम्ला | ११८३४९ | ६६ |
| ५ | कालीकोट | १४५२९२ | २० |
| ६ | दैलेख | २५२३१३ | ४१ |
| ७ | जाजरकोट | १८९३६० | १७ |
| ८ | रूकुम (पश्चिम) | १६६७४० | २३ |
| ९ | स्लयान | २३८५१५ | ४० |
| १० | सुर्खेत | ४१५१२६ | ३८३ |

*स्रोत : जनगणना (२०७८)*

### २.७ सूर्दुरपश्चिम प्रदेश

सूर्दुरपश्चिम प्रदेशमा जम्मा ९ वटा जिल्लाहरू छन् । ती जिल्लारूमा मैथिली भाषाभाषीहरूको कुल जनसङ्ख्या ४६३५ रहेको छ । तिनको बिवरण निम्नानुसार छ

तालिका १०: जिल्लागत मैथिली भाषाभाषीको सङ्ख्या

| क्र.स. | जिल्ला | जम्मा जनसङ्ख्या | मैथिली भाषी |
|---|---|---|---|
| १ | बाजुरा | १३८५२३ | २१ |
| २ | बझाङ | १८९०८५ | ६२८ |
| ३ | दार्चुला | १३३३१० | २२ |
| ४ | बैतडी | २४२१५७ | ३५ |
| ५ | डडेलधुरा | १३९६०२ | १७६ |
| ६ | डोटी | २०४८३१ | १६२ |
| ७ | अछाम | २२८८५२ | ६२ |
| ८ | कैलाली | ९०४६६६ | ३००३ |
| ९ | कन्चनपुर | ५१३७५७ | ५२६ |

## ३ निचोड़

पछिल्लो ८ जनगणनामा धेरै जसो रिपोर्ट गरिए अनुसार मैथिली मातृभाषा बोल्नेहरूको प्रतिशतमा गिरावट देखाउँछ। यस गिरावटको कैयौं कारणहरू छन्: राजनीतिक, सामाजिक, भौगोलिक आदि । तर यसको प्रमुख कारणको रूपमा तथाकथित अभिजात्य वर्ग आफूले बोलेको मैथिलीलाई 'प्रतिष्ठित' मैथिली बुझ्ने र आफू बाहेकको मैथिली भाषीहरूलाई फरक देख्ने प्रवृति नै हो । जवकि आफ्नो मैथिलीलाई प्रतिष्ठित ठान्ने भन्दा अरू मैथिली भाषीहरूको संख्या कुल संख्याको ९८% भन्दा बढी छन् । जसको बिना यो गम्भीर रूपमा सीमान्तीकृत र निष्क्रिय हुनेछ । लामो र समृद्ध सम्पदा भएको मैथिली भाषाको संवर्द्धन र संरक्षणको हितमा ढिलो हुनु अघि नै यो 'जाति र राजनीतिक अराजकता' को समस्या समाधान गर्न जरुरी छ । यो समस्याको थप अध्ययन आवश्यक छ । आउनुहोस् हामी हाम्रो मातृभाषाको उज्यालो भविष्यको लागि हाम्रो hangups लाई हटाउनुहोस् र एकजुट भएर काम गरौं । कम्तिमा यी तीनवटा द्रुत पहल गरौं: (१) कोशी र मधेश प्रदेशमा मैथिली भाषालाई राज्यको सरकारी कामकाजको भाषाको रूपमा परिचय गराउने; (२) आधारभूत शिक्षाको तहमा मैथिली भाषालाई शिक्षाको माध्यमको रूपमा प्रयोग गर्ने; र (३) आफ्नो शैक्षिक अध्ययन मार्फत मैथिली भाषा, साहित्य र संस्कृतिलाई समृद्ध बनाउने ।

*मैथिली बचाउ, मैथिली पढ़ाउ*

अन्तरवार्ता

# अहिलेको संसदीय अभ्यासले हाम्रो चित्त दुखेको छ



हेर्नुस् जसले जति ठूलो कुरा गरेपनि आखिर जनताका लागि काम गर्ने निकाय सरकार नै हो। जबसम्म सरकारमा जाँदैन, तबसम्म जनताको काम गर्न सकिदैन। एउटा कल दिनका लागि पनि सरकारकै सिफारिस चाहिन्छ। आफ्नो गोजीबाट धेरै दिन जनताका लागि गर्न सकिदैन, त्यो सम्भव पनि छैन। राज्यको सिस्टमबाट जनताका लागि काम गर्नुपर्छ र त्यसका लागि सरकारमा जानैपर्छ। हर्क सम्पाङले पहिला पनि धरानमा विकास गर्न खोज्नु भएको हो नि तर सक्नु भएन।

## अब्दुल खान, उपाध्यक्ष एवं सांसद, जनमत पार्टी नेपाल

**जनमत पार्टीले सरकारमा सहभागी हुने गरी तयारी गरिरहेको छ। अहिले प्रधानमन्त्री प्रचण्ड आफै शोकमा भएको कारण सरकारमा सहभागी हुने कुरा स्थगित छ, नत्र यतिबेलासम्म सपथ भइसकेको हुन्थ्यो। जनमत पार्टीका अध्यक्ष सिके राउतले मन्त्रीका लागि आफ्ना पार्टीका सांसद अनिता साहको नाम प्रधानमन्त्री प्रचण्डलाई बुझाई सक्नु भएको कुरा बाहिर आएको छ। तर पार्टीले आधिकारीक कुरा बाहिर ल्याएको छैन। हालै केन्द्रीय समिति विस्तार गरेको छ। जनमत सडक, सदन र सरकार तीनटै ठाउँमा छन्। तीनटै ठाउँमा रहेका जनमत पार्टीले अहिले के गरिरहेको छ लगायतको विषयमा प्रस्तुत छ, सहारा टाइम्सले सो पार्टीका उपाध्यक्ष एवं सांसद अब्दुल खानसँग गरिएको कुराकानीको सम्पादीत अंशः**

**हालै केन्द्रीय समिति विस्तार गरिएको छ तर पार्टीमा कुनै छलफल नै नगरिकन अध्यक्ष सिके राउतले आफू खुशी गर्नुभएको गुनासो भइरहेको छ यसमा तपाईले के भन्नुहुन्छ ?**

होइन, पार्टीमा बैठक बसेर, सबैसँग सल्लाह गरेर नै केन्द्रीय समिति विस्तार गरिएको हो। अध्यक्षजी (सिके राउत)ले धेरै पहिलादेखि यसमा गृहकार्य गरिरहनु भएको थियो। सबैसँग सल्लाह गरेर लिस्ट गर्दै जानुभएको थियो। अस्ति बैठक बसेर त्यसलाई अन्तिम रुप दिएर सार्वजनिक गर्नुभएको छ।

**भर्खर पार्टीमा प्रवेश गरेकाहरुलाई सचिवालय, कार्यकारिणी तथा राजनीतिक समितिमा राखिएको छ, जो सुरुदेखि यो पार्टीमा लागे, दुख नेल सहे, त्यसमध्ये धेरैलाई केन्द्रीय कमिटीमा नै ल्याइएको छैन भनि गुनासो भइरहेको छ, के यो साँच्चै हो ?**

हाम्रो जनमत पार्टी अरु पार्टी जस्तो नेता तथा कार्यकर्ताप्रति गैरजिम्मेवारी होइन। हामी सबै नेता तथा कार्यकर्ताको हिसाब, किताब राखेका हुन्छौं। सबैको मूल्यांकन भइरहेको हुन्छ। पार्टीले कसैमाथि अन्याय गरेको छैन, सबैलाई न्याय नै गर्छ। पार्टीमा कतिपय सिनियर नेताहरु प्रवेश गर्नुभएको छ। जसको नेपाली राजनीतिमा ठूलो योगदान रहेका छन्। उहाँहरुको क्षमता र योगदानको मूल्यांकन गर्दै ठाउँ दिएको हो तर पार्टीमा जो समेटिनु भएको छैन त्यसको योगदान र भूमिका छैन भने होइन। सबैको आआफ्नो ठाउँमा ठूलो भूमिका छ। सबैको भूमिका र योगदानका कारण आज जनमत पार्टी यो स्थानमा पुगेको छ। विस्तारै सबैलाई उचित जिम्मेवारी दिइनेछ। कोही आत्तिनु हुँदैन।

**विधान अनुसार ३७५ सदस्यीय केन्द्रीय समिति हुनुपर्ने हो, विस्तार गर्दा २६६ जनाको केन्द्रीय समिति बनेको छ, यस्तो किन ?**

होइन, विस्तार गर्ने कार्य सकेको छैन। छलफल चलिरहेको छ। संगठनले पूर्णता नपाएसम्म यसरी नै विस्तार भइरहन्छ। जनमत नयाँ पार्टी हो। यसको काम देखेर युवाको आकर्षण बढेको छ। अरु अरु क्षेत्रका व्यक्तिको आकर्षण पनि बढेको छ। आउँदै गर्छन् विस्तारै अपडेट हुँदै गर्छन्। विधानमा व्यवस्था अनुसार नै सबै काम हुन्छ।

**जनमत पार्टी सरकारमा कहिले सहभागी हुँदैछ ?**

हामी सरकारमा जान तयार छौं तर लिने पनि तयार हुनु पर्‍यो नि। हामी सुरुदेखि सरकारलाई सहयोग गर्दै आएका हौं। सरकारभन्दा हामी बाहिर छैनौं। चुनावपछि बनेको प्रचण्डको नेतृत्वको सरकारलाई हामीले जिरो आवरदेखि नै समर्थन गरेका छौं। सरकारमा पनि सहभागी भयौं। तर हामीसँग भएको सम्झौता अनुसार मन्त्रालय नदिएको कारण केही दिन मन्त्रालय (खानेपानी मन्त्रालय) नै गएनौं तर प्रधानमन्त्री प्रचण्डले अहिलेलाई सम्हाल्दै गर्नु, पछि तपाईहरुले चाहेको जस्तो मन्त्रालय मिलाउँछौं भन्नुभएको थियो। लामो समय भइक्दा पनि हामीलाई सहमति भएको जस्तो मन्त्रालय नदिएपछि सरकारबाट अलग भएका थियौं। हामीलाई कुनै विकासे मन्त्रालय दियो भने अझै हामी सरकारमा जान्छौं। सरकारमा जाँदैनौं भनि हामीले कहिले भनेका छैनौं।

**होइन, तपाईहरु यसरी सरकारका लागि किन मरिहत्ते गर्नुहुन्छ त ?**

हेर्नुस् जसले जति ठूलो कुरा गरेपनि आखिर जनताका लागि काम गर्ने निकाय सरकार नै हो। जबसम्म सरकारमा जाँदैन, तबसम्म जनताको काम गर्न सकिदैन। एउटा कल दिनका लागि पनि सरकारकै सिफारिस चाहिन्छ। आफ्नो गोजीबाट धेरै दिन जनताका लागि गर्न सकिदैन, त्यो सम्भव पनि छैन। राज्यको सिस्टमबाट जनताका लागि काम गर्नुपर्छ र त्यसका लागि सरकारमा जानैपर्छ। हर्क सम्पाङले पहिला पनि धरानमा विकास गर्न खोज्नु भएको हो नि तर सक्नु भएन। काम गर्नका लागि सरकारी संयन्त्रण नै चाहिन्छ। उहाँ मेयरमा जितेर आएपछि गर्न खोजेका कामहरु सुरु गर्नुभएको छ। हामीले जनतासँग विभिन्न वाचाहरु गरेका छौं तर ती वाचाहरु पुरा गर्न सरकारमा नगइ हुँदैन। रोजगारी सृजना गर्ने, उद्योग सञ्चालन गर्ने जस्ता प्रतिवद्धता जनतासँग गरेका छौं तर यी काम गर्नका लागि सरकार नै चाहिन्छ। त्यसैले सरकारमा हामीले जान चाहेका हौं। अरु दल जस्तो हामी ढोङ्गी होइनौं। सरकारमा जाँदैनौं, जानु हुँदैन भन्ने तर खुसुखुसु गइ दिने। हामी भन्छौं जनताका लागि सरकारमा जान आवश्यक छ र हामी जान्छौं।

**त्यसो भए जनमतले गरेको त्यत्रो आन्दोलन बेकार थियो भनि निष्कर्षमा पुग्नु भएको हो ?**

होइन, आन्दोलन र सरकार फरक फरक कुरा हो। जनतामा चेतना फैलाउन, सरकारमाथि कुनै कुराको दबाव बढाउन, राजनीतिक मुद्दा समाधान गर्न आन्दोलन आवश्यक हुन्छ। तर गाउँमा एउटा उद्योग खोल्न, एउटा विद्यालय खोल्न आन्दोलनले सम्भव हुँदैन त्यसका लागि सरकार नै चाहिन्छ। जनताको अधिकार र पहिचानको लागि, नागरिकताका लागि, भ्रष्टाचार अन्त्यका लागि, कुनै कानुन बनाउनका लागि आन्दोलन नै आवश्यक पर्छ तर गाउँमा बाँध बाँध्न, सडक बनाउन, विजुली लैजान सरकार नै चाहिन्छ। हामी सडक, सदन र सरकारमा छौं। तीनटै ठाउँको आआफ्नो महत्व रहेको छ। हाम्रो पार्टीका लागि तीनटै ठाउँ आवश्यक छ। त्यही भएर हामी सरकारमा जान चाहिरेका छौं।

**खानेपानी मन्त्रीबाट तपाईले राजिनामा दिनुभयो, अर्को मन्त्रालय दिएपछि पुनः तपाई नै जाने चर्चा थियो तर पार्टीले अनिता साहको नाम पठाउनु भएको कुरा बाहिर आएको हो के यो कुरा सही हो ?**

म पनि मिडियामार्फत जानकारी पाएको हुँ। पार्टीमा यसको बारेमा कुनै चर्चा भएको छैन। अध्यक्षज्युले कसैको नाम पठाउनु भएको होला त्यो थाह भएन। पार्टीमा छलफलका लागि आएपछि मात्र सबै कुरा थाह हुन्छ। सरकारमा कसलाई पठाउने नपठाउने निर्णय पार्टीले गर्छ। फलानै जानुपर्छ भने छैन, पार्टीले जसको नाम सिफारिस गर्छ उही जान्छन्।

**यसको मतलब अनिता साहको नाम पार्टीले सिफारिस गरेको छैन ?**

मैले भने नि मलाई यसको बारेमा जानकारी छैन। म पनि मिडियाबाट नै जानकारी पाएको हुँ। यस विषयमा अध्यक्षज्युसँग पनि मेरो कुरा हुन पाएको छैन। पार्टीमा छलफलका लागि आयो भने मात्र थाह हुन्छ। जसको नाम जान्छ पार्टीबाट नै जान्छ। हालसम्म मन्त्रीको बारेमा टुगों लागेको छैन। प्रधानमन्त्री प्रचण्डले आज भोली, आज भोली भनिरहनु भएको छ। अहिले उहाँ शोकको अवस्थामा हुनुहुन्छ। काजक्रिया सकेपछि सायद त्यसको बारेमा छलफल होला भनि आशा गरौं।

**भनिन्छ, जनमतलाई सरकारमा सहभागी गराउनेमा जसपा बाधक बनेको छ तपाईहरुले यो कुराको फिल गर्नुभएको छ कि छैन ?**

जसपाले रोकेर किन रोकिने हो र। प्रधानमन्त्री प्रचण्डले चाहनु भयो भने अरुले कसैले रोकेर राकिदैन। तर जसपाका अध्यक्ष उपेन्द्र यादवले निषेधको राजनीति गरिरहनु भएको छ। राजनीतिमा अरु कोही नआउन भनि सोच हामीले पनि महसुस गरेका छौं। कोही नयाँ शक्ति आए भने आफ्नो भाग खोसिन्छ भने उहाँलाई हमेशा चिन्ता हुन्छ। उहाँले प्रतिस्पर्धाको राजनीतिभन्दा निषेधको राजनीति गरिरहनु भएको छ। सत्ता पक्षकै कतिपय सांसदहरुले हामीलाई भनिरहनु भएको छ कि उपेन्द्र यादवले जनमतलाई सरकारमा सहभागी हुन दिन चाहनुभएको छैन रे। तर हामीले उपेन्द्र यादवभन्दा पनि प्रधानमन्त्री प्रचण्डलाई दोष दिन्छौं। प्रचण्डले चाहेमा कसैले रोक्दैमा रोकिदैन।

**जसपासँग यो खालको निषेधको राजनीति किन ?**

हामीले कुनै निषेधको राजनीति गरेका छैनौं बरु हामीले मिलेर जाउँ भनि पटक पटक आग्रह गरेका छौं। मधेशको मुक्तिका लागि तराई मधेशमा जनमत, जसपा, लोसपा र नागरिक उन्मुक्ति पार्टी नमिलेसम्म सम्भव छैन। एक्लै एक्लै लडेर केही प्राप्त हुँदैन। बरु राज्य शक्तिले यी शक्तिहरु आपसमा नमिलोस् भनि चाहन्छन्। मधेशको शक्ति जति कमजोर हुन्छ त्यति नै फाइदा राज्य शक्तिलाई हुन्छ। हामीले मिलेर जाने पक्षमा छौं। तर जसपाले नै निषेधको राजनीति गरिरहेको छ।

**सप्तरी-२ को चुनावपछि जसपा र जनमत बीच झन दुरी बढेको हो जस्तो लाग्दैन तपाईलाई ?**

पहिलादेखि नै त्यति राम्रो थिएन। उपेन्द्र यादव कहिले चाहनु भएको थिएन कि सिके राउतले मधेशमा राजनीति गरोस्। आफूलाई सिके राउतबाट चुनौती रहेको महसुस गरिरहनु भएको थियो। जब चुनावमा सप्तरी-२ बाट चुनाव लड्ने कुरा भयो अनि झन उहाँले जसपालाई गिन्दै गिन्नु भएन। सप्तरी-२ को बारेमा छलफल गर्न हामी उल्टै उपेन्द्र यादवसँग भेटेका थियौं। तर उहाँमा यति अहंकार थियो कि राम्रोसँग कुरा नै गर्नुभएन। सिके राउतको सप्तरी-२ बाट चुनाव लड्ने कुरा थियो तर सबभन्दा पछाडी औपचारिक घोषण गर्नुभयो, कारण थियो उपेन्द्र यादव। उहाँले कुनै मतलब नराखेपछि सप्तरी-२ मा उम्मेदवारी दियौं। हामी जित्यौं, त्यसपछि झन उहाँ जनमतप्रति पूर्वाग्रही हुनुभएको छ। हरेक ठाउँमा हामीलाई गाह्रो बनाउन खोज्नु भएको छ। तर त्यसले हामीलाई केही फरक पर्दैन, किनभने जनता हाम्रो साथमा छ।

**यही कारण हो तपाईहरु संसदीय राजनीतिबाट फ्रस्टेड हुनुभएको, तपाईका पार्टीका अध्यक्षले समाजिक सञ्जालबाट बेलाबेला यस्तो संकेत दिइरहनु हुन्छ। साँच्चै तपाईहरु फ्रस्टेड नै हुनुभएको हो त ?**

साँच्चै भन्ने हो भने हामीले सोचेको जस्तो नेपालको राजनीति रहेनछ। यहाँ बेइमानी, झालझेल, तिकरमबाजी बढी हुने गरेका छन्। हरेक कुरामा चलखेल, हरेक कुरामा जालझेल। नेताहरु विहान एउटा कुरा बोलेका हुन्छन्, साँझ अर्को कुरा बोल्छन्। संसदमा एउटा कुरा बोल्छन्, बाहिर अर्को कुरा बोल्छन्। संसदको रोष्टमबाट एउटा कुरा बोल्छन्, कार्यान्वय अर्को कुरा गर्छन्। संसदमा कसैको स्पष्ट बहुमत छैन। विभिन्न पार्टीको सहयोगमा सरकार बनाएको छ। संयुक्त सरकार भएका कारणले केही असमझदारी, समझदारीको कुरा हुन्छ नै। संसदभित्र संसदीय अभ्यासमै हामीलाई चित्त बुझेको छैन। बजेटकै कुरा गर्ने हो भने यसप्रति सबैले असहमति जनाएका थिए। अधिकाँश सांसदले त्यसको विरोध गरेका थिए तर पास गर्नेबेला कमा, फुल स्टप पनि चेन्ज नगरी पास गरे। यसले जनतामा विश्वास कम गराउँछ, जनताको भरोसा टुट्छ यो कुराको चिन्ता हामीलाई छ। संसदीय अभ्यासले गर्दा हामीलाई चित्त दुखाएको छ। जनताका लागि बोल्दा कमसे कम इमान्दर हुनुपर्छ, जनताका लागि के बोलिएको छ भने त्यो कसरी पुरा गर्ने भन्नेतिर लाग्नुको सट्टा बोलि नै फेरि रहेका हुन्छन्।



# विजेताको अन्तिम इच्छ

**प्रतिक दैनिकबाट विजेताले न्युजको आधारमा पैसा पाउनु हुन्थ्यो। अर्थात समाचार छोपेपछि मात्र पैसा पाउनु हुन्थ्यो। पहिलो तलब उहाँलाई २५ सय आएको थियो। नवराज दाहालले एउटा खाममा राखेर विजेतालाई दिनुभएको थियो।**

**विजेता इन्टरमा पढ्दा नै जनकपुरबाट प्रकाशन हुने तहल्का डट नेपालमा आफ्नो कविता छपाउनु हुन्थ्यो। एक पटक तहल्का डट नेपालका पत्रकार सुभाष कर्णले विजेतालाई भन्नुभएको थियो, ' तपाई कविता यति राम्रो लेख्नुहुन्छ, समाचार पनि लेख्ने प्रयास गर्नुस्, तपाई लेख्न सक्नुहुन्छ।'**

**समाजमा एकातिर विजेताले गरेको कामको तारिफ हुन्थ्यो भने त्यही समाजको अर्को पाटोले आलोचना पनि गर्थ्यो। छोरी मान्छे केटाहरुसँग हिड्छे, केटाहरुको साथ लागेर छोरी बिग्री सके, अब छोरी हात लाग्दैन जस्ता कुरा विजेताका आमा-बुवालाई सुनाउनेको कमी थिएन। जो केटामान्छेसँग देखेपनि त्यही केटासँग नाम जोडर कुरा काट्नेहरु बढ्दो थियो।**

**कक्षा १ देखि १० सम्म जनकपुरको सकल भवन कन्या माविमा पढ्नु भएको विजेता २०५३ सालमा एसएलसी पास गर्नुभयो। एसएलसी पछि त्यहीको विश्वेश्वरप्रसाद कोइराला क्याम्पसमा व्यवस्थापन विषय लिएर इन्टर पढ्न थाल्नुभएको विजेतालाई फर्स्ट इयरमा नै ब्याक लाग्यो।**

जतिबेला धनुषा जनकपुरकी विजेता चौधरी (कर्ण)ले पत्रकारिताको सुरुवात गर्नुभएको थियो त्यतिबेला देशमा माओवादी जनयुद्ध 'पिक प्वाइन्ट' मा थियो। त्यतिबेला जनकपुरमा क्रियाशिल उहाँ एक्ली पत्रकार महिला हुनुहुन्थ्यो जसको मूल्य चुकाउनु परेको थियो उहाँले।

२०५९/०६० तिरको घटना हो, माओवादीले महोत्तरीमा नक्कली महिला माओवादीको गिरोहलाई समातेको थियो। थोरै पैसाको लागि आफूलाई माओवादी भनेर त्रास मचाइरहेका ती नक्कली माओवादीहरुले हाम्रो अभियानलाई नै बदनाम गरिरहेका छन् भन्ने आसयको समाचार बाहिर ल्याइदिनुपर्यो भनेर त्यसको रिर्पोटिङका लागि उनीहरुले विजेतालाई अपहरणको शैलीमा उठाएर महोत्तरी लगेका थिए। संभवतः महिलाको बारेमा महिलाले बढी केलाएर लेख्न सक्छन् कि भन्ने बुझार्य माओवादीको थियो सायद। तीन चार जनाको समूहमा आएका माओवादीले विजेतालाई घरबाट लग्दा घरमा रुवावासी नै भएको थियो। जनकपुर सरस्वती टोलस्थित घरबाट माओवादीले उहाँलाई साथै लिएर हिड्दा पनि टोल छिमेकमा कसैले सुइकोसम्म पाएका थिएनन्। उहाँलाई लगि रहँदा विजेताले आफ्नो आमालाई हतार हतारमा यति मात्र भन्नुभयो, 'आमा तपाई चिन्ता नलिनु यो कुराको जानकारी पत्रकार नवल जीलाई गराई दिनु होला।'

पत्रकार नवलकिशोर यादव त्यतिबेला गोरखापत्रमा आवद्ध हुनुहुन्थ्यो। विजेता भन्नुहुन्छ, नवलजी मेरो अभिभावक सरह नै हुनुहुन्थ्यो, त्यहिभएर पनि उहाँप्रति मेरो विश्वास थियो। माओवादीहहरुले जनकपुरबाट प्रकाशित तात्कालीन अमरदीप पत्रिकाका सम्पादक उमेश यादवलाई पनि सोही महोत्तरी विजेताकै जस्तै लगेका थिए। विजेता भन्नुहुन्छ, ' माओवादीले हामीलाई घरबाट जवर्जस्ती लगेपनि बाटोमा कुनै प्रकारको दुरव्यवहार भएन, कसैलाई शंका नहोस् भनेर संभवतः पत्रकार उमेश र विजेतालाई एउटै साइकल दिइएको थियो। समाचार संकलनपछि दुबैजनालाई संगै फिर्ता पठाएका थिए। नक्कली माओवादीसम्बन्धी समाचार विजेता आफू कार्यरत प्रतीक दैनिकमा प्रकाशन भएको थियो।

जनयुद्ध कालमा माओवादीले जनकपुरको मुजेलियास्थित प्रहरी चौकीमा आक्रमण गरी त्यसलाई उडाई दिएको थियो। त्यसको रिर्पोटिङका लागि अन्य पुरुष पत्रकारहरु आआफ्नो मोटर साइकलमा पुगेका थिए। विजेतापनि आफ्नो घरबाट साइकल लिएर घटनास्थलमा पुगेर रिर्पोटिङ गर्नुभएको थियो। जहाँ केटाहरु मोटरसाइकल लिएर रिर्पोटिङका लागि पुग्थे त्यहाँ विजेता एक्लै साइकल लिएर भएपनि पुग्नुहुन्थ्यो।


जनकपुरको पहिलो महिला पत्रकार विजेतासँग यस्ता संघर्षका थुप्रै कथाहरु छन्। लहैलहैमा सुरु गर्नु भएको पत्रकारिता अहिले उहाँका लागि आवश्यकता भइसकेको छ। इन्टरमेडिएटमा पढ्दादेखि नै पत्रकारिता सुरु गर्नुभएको उहाँले अरु पेसातिर ध्यान नै दिनुभएन। अहिले यस्तो अवस्था भयो कि अब पत्रकारितामा काम पाइएन भने अरु काम उहाँले गर्नै सक्नुहुन्न।

**कविता लेखनबाट पत्रकारितामा**

विजेता इन्टरमा पढ्दा नै जनकपुरबाट प्रकाशन हुने तहल्का डट नेपालमा आफ्नो कविता छपाउनु हुन्थ्यो। एक पटक तहल्का डट नेपालका पत्रकार सुभाष कर्णले विजेतालाई भन्नुभएको थियो, ' तपाई कविता यति राम्रो लेख्नुहुन्छ, समाचार पनि लेख्ने प्रयास गर्नुस्, तपाई लेख्न सक्नुहुन्छ।' त्यसपछि सुभाष कर्णले नै विजेतालाई एउटा कार्यक्रममा लग्नुभएको थियो। कार्यक्रममा बोल्ने वक्ताहरुको कुरा टिप्न लगाएर त्यहीं अनुसार विजेतालाई समाचार लेख्न उहाँले लगाउनुभएको थियो। उहाँले जसरी भयो त्यसरी नै लेखेर दिनुभयो। भोलीपल्ट त्यो समाचार तहल्का डट नेपालमा छापियो। त्यो समाचार कसरी लेखे, कसरी छापियो विजेतालाई केही थाह थिएन। तर त्यो समाचारको तारिफ भएको कुरा विजेतालाई अहिले पनि सम्झना छ। उहाँ भन्नुहुन्छ, 'त्यो मेरो पहिलो समाचार थियो, त्यो समाचारलाई सुभाष कर्णलगायत अरु साथीले तारिफ गर्नुभएको थियो र भन्नुभएको थियो कि तपाईको लेखाई राम्रो छ, लेख्दै गर्नु।'

त्यसपछि उत्साहित भएर विजेता कार्यक्रमहरुमा जानु थाल्नुभयो। कार्यक्रममा उठेका विषयवस्तुलाई समेटेर समाचार लेखेर पत्रिकामा दिन थाल्नुभयो। नमिलेका कुराहरु मिलाएर राख्नुहुन्थ्यो। सुरुमा सुभाष कर्णहरुले सिकाउने काम पनि गर्नुभयो। पुरुष पत्रकारको बहुल्य रहेको जनकपुरको पत्रकारितामा विजेताको नाम पनि आउन थाले।

एक दिन रिर्पोटिङकै क्रममा एउटा कार्यत्रममा सिन्धुलीका पत्रकार नवराज दाहालसँग भेट भयो। दाहाल प्रतीक दैनिकका लागि जनकपुरबाट काम गर्नुहुन्थ्यो। उहाँले विजेताको लेखाईलाई तारिफ गर्दै कहिले काहीं प्रतीकमा पनि लेख्न भन्नुएको थियो। त्यसपछि विजेताले नवराज दाहालमार्फत प्रतीक दैनिकमा पनि समाचार पठाउन थाल्नुभयो। पठाएका समाचार छापिन थाले। विजेताको खुशीको सीमा रहेन। उहाँ झन झन पत्रकारिताप्रति आकर्षित हुन थाल्नुभयो। प्रतीक दैनिकले उहाँलाई धनुषा जिल्ला समाचारदाताको रुपमा नियुक्त गरेको थियो। नवराज दाहाल अञ्चल समाचारदाता हुनुहुन्थ्यो। नबुझेका कुराहरु नवराजले पनि सिकाइ दिनुहुन्थ्यो। जनकपुर वरपर हुने कुनै पनि कार्यक्रममा जान उहाँ छुटाउनु हुन्थेन। बाह्रविघामा हुने राजनीतिक कार्यक्रमको रिर्पोटिङ गर्नु उहाँको पहिलो रोजाई हुन्थ्यो। र, त्यसमा उहाँलाई निकै आनन्दन आउथ्यो। विजेता भन्नुहुन्छ, 'म पत्रकारिता किन गरिरहेको छु त्यो मलाई थाह थिएन तर ममा एक प्रकारले पत्रकारिताको भुत सवार भइसकेको थियो।'




**पहिलो तलब बुवालाई**

प्रतिक दैनिकबाट विजेताले न्युजको आधारमा पैसा पाउनु हुन्थ्यो। अर्थात समाचार छोपेपछि मात्र पैसा पाउनु हुन्थ्यो। पहिलो तलब उहाँलाई २५ सय आएको थियो। नवराज दाहालले एउटा खाममा राखेर विजेतालाई दिनुभएको थियो। त्यसमा कति पैसा छ, त्यो पनि हेर्नुभएन। प्रतीक दैनिकमा काम गर्न सुरु गर्दा यति लिने, त्यति लिने पनि कुरा भएको थिएन। त्यो खाम सिधै आफ्नो बुवा उपेन्द्र चौधरीको हातमा दिनुभएको थियो। बुवाले खोलेर हेरेपछि मात्र विजेताले थाह पाउनु भएको थियो कि त्यसमा २५ सय रुपियाँ छ। काम गरेको पारिश्रमिक धेरै होस् वा थोरै होस् त्यो कुरासँग उहाँलाई मतलब थिएन। उहाँ पत्रकारितामा रमाई रहनु भएको थियो। आमा-बुवा पनि छोरीले गरिरहेको काम हेरेर खुशी हुनुहुन्थ्यो। पत्रिकामा छोरीले लेखेको समाचार पढ्दा आमा-बुवा पनि खुशी हुनुहुन्थ्यो त्यसबाट छोरीको कमाई कति छ, के छ, के छैन कहिले सोधखोज गर्नुभएन उहाँहरुले।

विजेता भन्नुहुन्छ, 'पैसा अथवा रोजगारको लागि पत्रकारिता गर्छु भन्ने चेत नै थिएन, पत्रिकामा लेख्ने जुनुन सवार थियो, केही न केही लेखि रहनुपर्ने, र छापिरहन्थ्यो पनि। विजेता सम्झिनुहुन्छ, सबभन्दा खुशी म त्यो दिन भएको थिए जुन दिन प्रतीक दैनिकका प्रधान सम्पादक जगदिश शर्माले फोन गरेर लेखाइको तारिफ गर्दै थप लेख्नका लागि प्रोत्साहित गर्नु भएको थियो। मेरो लागि त्यो सबभन्दा ठूलो कमाई थियो।' महिनाको २५ सय, तीन हजार ३५ सय तलब आउथ्यो। जस्तो आउथ्यो त्यस्तै बुवाको हातमा दिनुहुन्थ्यो। बुवाले विजेताको आमालाई दिनुहुन्थ्यो। विजेताको सबै खर्च बेहोर्ने आमा नै हुनुहुन्थ्यो। विजेता भन्नुहुन्छ, 'आमा आज पनि मलाई खुद्रा पैसा खर्च गर्न भनेर दिनुहुन्छ र म सहर्स स्वीकारगर्छु। मैले पनि आफूले पुरस्कार वापत पाएको राशीहरु आमालाई चढाउछु।'

प्रतीक दैनिकले पछि विजेतालाई अञ्चल समाचारदाता बनायो। अञ्चल समाचारदाता भएपनि मासिक तलब थिएन। त्यसमा पनि विजेताको कुनै गुनासो थिएन। उहाँले लेखेको कुरा पत्रिकामा छापिन्थ्यो, अरुले तारिफ गर्थे, समाजले सम्मान दिन्थ्यो, विजेता त्यसैमा खुशी हुनुहुन्थ्यो।

**समाजमा आलोचना**

समाजमा एकातिर विजेताले गरेको कामको तारिफ हुन्थ्यो भने त्यही समाजको अर्को पाटोले आलोचना पनि गर्थ्यो। छोरी मान्छे केटाहरुसँग हिड्छे, केटाहरुको साथ लागेर छोरी बिग्री सके, अब छोरी हात लाग्दैन जस्ता कुरा विजेताका आमा-बुवालाई सुनाउनेको कमी थिएन। जो केटामान्छेसँग देखेपनि त्यही केटासँग नाम जोडर कुरा काट्नेहरु बढ्दो थियो। आज केटासँग भाग्यो कि भोलि जस्ता कुरा दिनहुँ जस्तो सुनिन्थ्यो। तर विजेताले यी कुराहरुप्रति कुनै ध्यान दिनुभएन। विजेताले मात्र होइन, उहाँका आमा-बुवाले पनि कहिल्यै कुनै कुरामा ध्यान दिनुभएन। छोरीले गरेको कामप्रति आमा-बुवाको पूर्ण विश्वास थियो। त्यहीं भएर समाजमा

# श्र, ‘पत्रकारिता गर्दा गर्दै मर्न पाउ’

उड्ने त्यस्ता अफवाहको पछि कहिल्यै लाग्नुभएन ।

विजेता भन्नुहुन्छ, ‘त्यतिबेला महिला पत्रकारमा म एक्लै थिए, पुरुषहरुसँग हिड्नु पर्थ्यो, कहिले काही तालिमका लागि बाहिर जाँदा केटाहरुकै साथमा जानु पर्थ्यो दुई-तीन दिनको तालिम हुन्थ्यो । त्यतिबेला त परिवार र छिमेकका मान्छेहरु भन्थे, अब फलानोको छोरी घर फर्किंदैन । तर म सकुशल घर फर्किन्थे, आमा-बुवाले ममाथि विश्वास गर्नुहुन्थ्यो त्यसपछि समाजमा कसले के भन्छ त्यसको कहिले पर्वाह गरिएन ।’ यदि समाजको कुरा सुनेर त्यसको पछि लागेको भए आज विजेता पत्रकारिता र साहित्यमा जुन स्थान बनाउन सफल हुनुभएको छ त्यो संभव हुदैन्थ्यो ।

२०६० तिर नेपाल पत्रकार महासंघले दिएको पाँच दिने पत्रकारिता तालिम विजेताले लिनुभएको थियो । जलेश्वरमा भएको त्यो तालिम नै विजेताको पहिले तालिम थियो । त्यसपछि नेपाल प्रेस इन्टिच्युटले विराटनगरमा संचालन गरेको तालिम लिन पनि त्यहाँसम्म पुग्नुभएको थियो । पत्रकारिता सम्बन्धी हुने तालिममा अवसर पाउने बित्तिकै उहाँ सहभागी हुनुहुन्थ्यो । त्यहाँ थाह पाएका नयाँ नयाँ कुराको प्रयोग उहाँले आफ्नो लेखनमा गर्नुहुन्थ्यो । ति तालिमहरुले नै विजेताको लेखनमा क्रमशः सुधार ल्याउँदै गएको र खोजपत्रकारिता तर्फ उन्मुख गरेको उहाँ बताउनुहुन्छ । यद्यपि उहाँले स्नातकमा एक पेपर पत्रकारिता लिएर अध्ययन गर्नुभएको छ, भने नेपाली भाषा साहित्यबाट स्नातकोत्तर गनुभएको छ ।

**कमर्श छाडेर मानविकी**

कक्षा १ देखि १० सम्म जनकपुरको सकल भवन कन्या माविमा पढ्नु भएको विजेता २०५३ सालमा एसएलसी पास गर्नुभयो । एसएलसी



पछि त्यहीको विश्वेश्वरप्रसाद कोइराला क्याम्पसमा व्यवस्थापन विषय लिएर इन्टर पढ्न थाल्नुभएको विजेतालाई फर्स्ट इयरमा नै ब्याक लाग्यो । विजेता सुनाउनुहुन्छ, ‘ब्याकको हाउगुजीले सताएका पुस्ता हौ हामी, त्यतिबेल रेगुलरमा पास हुनेको शान नै अर्कै हुन्थ्यो ।’ बीपी कलेजमा बिहानको पढाई केटीहरुको मात्र हुन्थ्यो । समाजिक सुरक्षाका कारण विजेतालाई उहाँको बुवाले बिहानको समयमा भर्ना गर्नुभएको थियो । तर विजेता भन्नुहुन्छ, ‘बुवालाई त्यस्तो लागेको होला तर मलाई कहिले त्यस्तो लागेन । मलाई कुनै कुराले कहिले डर लागेन, म आफ्नो सुरक्षा आफै गर्थे, आफ्नो सुरक्षाका साथै भाइ बहिनीको पनि गर्थे ।’ विजेताका बुवाले पनि त्यही कलेजमा इकोनोमिक्स पढाउनु हुन्थ्यो । इन्टरको पहिलो वर्षमा फेल भएपछि बीचमा पाउनु भएको समयलाई उहाँले निकै सदुपयोग गर्नुभयो । आफूले त्यतिबेला खूब लेखेको र छाप्न पठाएको उहाँ सुनाउनुहुन्छ ।

जनकपुरको रामस्वरुप रामसागर बहुमुखी क्याम्पसबाट बीएमा भर्ना हुनुभयो । गणित गाह्रो लागेको कारण उहाँले व्यवस्थापन छोडेर बीए पढ्न सुरु गर्नुभएको थियो । बीए अध्ययन गरिरहँदा नै उहाँको बिहे प्रदीप दाससंग २०६३ सालमा भयो । बिहेपछि उहाँ काठमाडौं आउनु भयो । र काठमाडौं आएसंगै विजेताको पत्रकारितामा विराम लाग्यो । राजधानी गएर पत्रकारितामा छुटै पहिचान बनाउने ध्याउन्न घरपरिवारको दायित्वले चकनाचुर बनायो । मधेश आन्दोलनको सुरुवात भइसकेको बेला आफ्नो बिहे भएको र त्यसको समाचारहरु लेख्नबाट आफू बञ्चित हुनुपरेको पीडा सधैं उहाँमा रहिरहने बताउनुहुन्छ । यद्यपि उहाँको अध्ययन र लेखन निरन्तर जारि रह्यो । काठमाडौंमा ‘सेल्फ स्टडी’ गरेर उहाँले स्नातकोत्तर




सकाउनु भयो । उहाँले मौका पाउने बित्तिकै पीएचडीको तयारीमा लाग्ने अबको सोच रहेको बताउनुभयो ।

**पत्रकारिताबाहेक सोच्नै सकिन**

एमएसम्म पढ्नु भएको विजेतालाई कुनै अरु जागिर गरौं भनि सोच कहिले आएन । इन्टर पास गरेपछि एक वर्ष एउटा निजी विद्यालयमा पढाउनु भएको थियो । आफ्नै छिमेकी दाइले गुरुकुल एकेडेमी खोल्नुभएको थियो । सुरुमा सहयोगवसमात्रै स्कूलमा पढाउनु भयो । नर्सरीदेखि पाँच कक्षासम्म पढाउनु भयो । कहिले काहीं पकेट खर्च पाइन्थ्यो । निजी विद्यालयमा पढाई रहँदा उहाँ समाचार लेखनमा भन्दा बढी साहित्य लेखनमा हुनुहुन्थ्यो । स्नातक पढ्दै पत्रकारिता पनि संलग्न हुन थालेपछि स्कूलका लागि समय दिन नसकेपछि उहाँले एक वर्षपछि छाड्नु भएको थियो । उहाँका बुवाले छोरी विजेतालाई अडिटर बनाउनका लागि कमर्स पढाउन चाहनुभएको थियो । बुवाले अडिट गर्दा विजेताले कहिले काही सघाउनु हुन्थ्यो तर गणित गाह्रो भएको कारणले त्यसमा उहाँलाई कहिले मन लागेन । पत्रकारितामा नै रमाई रहनु भएको थियो । काठमाडौंमा श्रीमान प्रदीप दासले पनि आफ्नै कम्पनीमा जागिर खोजि दिनुभएको थियो तर उहाँले त्यसमा काम गर्न मान्नुभएन । पत्रकारिता नै गर्ने उहाँको सोच थियो । यहाँसम्म कि विजेताका श्रीमानले औषधीको व्यपार गर्नुहुन्थ्यो । औषधी पसल पनि खोल्नुभएको थियो तर त्यो पसलमा कहिले काम गर्नुभएन । उहाँ भन्नुहुन्छ, ‘हाम्रो औषधी पसल थियो तर मैले एउटा सिटामोलसम्म पनि बेचेको थिइन् । म लेखनमा व्यस्त थिए, अरुतिर जान कहिले मनै लागेन ।’

**दुई पटक छुटेको त्यो कान्तिपुरको अवसर**

बिहे गरेर विजेता काठमाडौं आउनुभयो । पत्रकारितालाई निरन्तरता दिने सोच थियो । जनकपुरमा हुँदा कहिले काहीं कान्तिपुरको नेपाल म्यागजीनमा लेख्नुहुन्थ्यो । त्यसले गर्दा तत्कालिन सम्पादक प्रशान्त आर्यालसँग विजेताको थोरबहुत चिनजान थियो । उहाँको श्रीमानसंग पनि अर्यालको राम्रो सम्बन्ध थियो । सोही चिनजानको आधारमा उहाँलाई भेट्नु भएको थियो । सम्पादक अर्यालले पनि नेपाल खबर पत्रिकामा स्टोरीको आधारमा पारिश्रमिक दिने गरि लेख्ने स्वीकृति दिनुभयो ।  काठमाडौं अगम कुँआजस्तो लागे पनि विजेता त्यसका लागि तयार हुनुभयो ।

तर त्यहीबेला उहाँलाई घर जानुपर्ने अवस्था आइलाग्यो । जेठानी सुत्केरी हुने बेला थियो एकजना स्यहार सुसारका लागि मान्छे घरमा चाहिन्छ भनि सासूको उर्दीलाई स्वीकार गरि उहाँले कान्तिपुर मिडिया ग्रुपमा आवद्ध हुने त्यो आवसर गुमाउनु भयो । जसको प्रतीक्षा उहाँलाई लामो समयदेखि थियो ।

अर्को पटक कान्तिपुर टेलिभिजनमा मधेश राजनीतिको लागि पत्रकार साथी जितेन्द्र झाले सिफरिस गरिदिएका थिए । विजेता लिखित तथा मौखिक दुबै अन्तर्वाता पास भइन् तर त्यतिबेला कान्तिपुले फोन गर्छौं भनेका थिए । फोन गर्ने न गर्ने पक्का थिएन । भने यता बाह्खरीमा अन्तर्वार्ताको लागि बोलाइएको थियो र उनलाई सोही दिनदेखि ज्वाइन गर्न भनियो ।

विजेता सुनाउँछिन् काठमाडौंमा सबैतिर भौतारि रहेको बेला सम्पादक प्रतीक प्रधानले नै नागरिक दैनिकमा स्थान दिनुभएको थियो । उहाँप्रती मेरो ठूलो सम्मान छ । मैले बाह्खरी अनलाइन ज्वाइन गरे । बाह्खरीमा आवद्ध भएको एक साता नबित्दै कान्तिपुर टेलिभिजनका समाचार सम्पादक सुरेन्द्र पाण्डेले भोलिबाट ज्वाइन हुनको लागि फोन गरे । तर विजेताले आफू बाह्खरीज्वाइन गरिसकको बताउँदै कान्तिपुरमा जानुभएन । बाह्रखरीमा साढे दुई वर्षमात्रै आवद्ध रहेपनि त्यहाँबाट थुप्रै कुरा  सिक्न सकेको विजेता बताउनुहुन्छ ।

**पत्रकारितामा लामो अन्तराल**

विहेभएको एक वर्षपछि नै विजेताले पहिलो सन्तानको रुपमा छोरी स्वीकृतिलाई जन्मदिनु भयो । छोरी जन्मेपछि कहिले घर त कहिले माइती गर्दै निकै समय बित्यो । काठमाडौं बस्दापनि उहाँले एक्लै छोरी हुर्काउनु पर्थ्यो । त्यहि भएर छोरी जब स्कुल जानथाली अनि बल्ल उहाँले पुनः पत्रकारिता गर्ने निर्णय लिनुभयो । तर त्यतिबेला पुराना सबै लिंकहरु टुटिसकेका थिए । जोसंग राम्रो थियो, जसले पहिलेपनि विजेताको कामको प्रसंशा गरेका थिए तिनीहरुले विजेतालाई पत्रकारितामा आउन निरुत्साहित नै गरे । उहाँ भन्नुहुन्छ, त्यतिबेलाको तितो अनुभव जीवनभरिको लागि पाठ बन्यो ।  उहाँले पत्रकारितालाई नै प्राथमिकतामा राख्नुभएको थियो । किनभने अलिकति जाने बुझेको काम भनेको पत्रकारिता नै थियो । पत्रपत्रिकामा निस्किने भ्याकेन्सीहरु भर्ने र अन्तर्वाता दिने काम पनि गर्नुभयो । विजेता सुनाउनु हुन्छ, अन्नपूर्ण पोष्टले संवाददाता चाहियो भनेर विज्ञापन गरेको थियो जसमा मैले लिखित परिक्षा दिए । मेरो कापि जाँच्ने काम कार्यकारी सम्पादक धर्मेन्द्र झा दाइले नै गर्नु भएको थियो । तर त्यहाँ पनि काम पाइएन । दाइसंग पछि सो विषयमा जिज्ञासा राख्दा उहाँले त्यतिबेला कसैलाई पनि नराखेको जवाफ दिनुभएको थियो ।

विजेताको छटपछी र तनाव देखेर श्रीमान प्रदीप दासले आफू काम गर्ने कम्पनीले फाइनान्स खोल्दैछ, त्यसमा काम गर्ने प्रस्ताव गर्नुभएको थियो तर विजेताले गरे पत्रकारिता गर्छु नभए गर्दिन भनेर जवाफ दिनुभएको थियो । त्यसपछि उहाँको श्रीमानले जागिरको सिलसिलामा कहिले केही भन्नुभएन ।

**नागरिक दैनिकबाट दोस्रो इनिगंको सुरुवात**

कुनै पत्रपत्रिकामा काम नपाएपछि उहाँ निकै निराश हुनुभएको थियो । एक दिन कान्तिपुर पत्रिकामा एनजीयोमा काम गर्नेसम्बन्धी तालिम संचालन हुन लागेको विज्ञापन देख्नु भयो । सो तालिम मिडिया हाउसले गर्न लागेको थियो । तालिम अवधि ६ महिनाको थियो । उहाँले त्यसमा फर्म भर्नुभयो र तालिम लिन थाल्नुभयो । तालिमको क्रममा विभिन्न रिर्पोर्टहरु बनाउनु पर्थ्यो । विजेताले रिर्पोर्ट बनाएपछि उहाँको खुब तारिफ हुन्थ्यो । तालिम सञ्चालक सहनशिला शर्माले एक दिन विजेतालाई भन्नुभयो, तिम्रो लेखाई यति राम्रो छ, तिमीले त पत्रकारिता गर्नुगर्ने हो ।’ विजेताले उहाँलाई ठट्यौली पारामा भन्नुभयो मैम! म पत्रकार मान्छेलाई काठमाडौंले नपत्याएपछि तपाईंकोमा तालिम लिन आएको ।

यति बेलासम्म विजेताले कोर्षकै रुपमा एक महिनाको इन्टर्नशिपको लागि होमनेट नेपाल नामक एनजिओमा काम पनि गरिसक्नु भएको थियो । काठमाडौंको महिला टेम्पु चालकमाथि विजेताले त्यहाँ बनाएको अध्ययन रिपोर्टले विजेतालाई होमनेटले जागिर नै अफर गरेका थियो ।

तर यसै बिचमा मिडिया हाउसकी संचालक शर्माले त्यतिबेलाका नागरिकका सम्पादक प्रतीक प्रधानलाई विजेताकोलागि सिफारिस गर्नुभयो । अनि एनजिओमा पाइसकेको जागिर छोडेर विजेता पुनः पत्रकारिता अंगाल्नु भयो । विजेता सुनाउनुहुन्छ, सम्पादक प्रतीक प्रधानलाई नागरिकको कार्यालयमा पहिलो पटक भेट्नजाँदा अन्तर्वार्ताको पूरै तयारीका साथै जनकपुरमा गरेको पाँच वर्षभित्रको सबै राम्रो र खोज स्टोरीहरुको कटिगं

बाँकी पृष्ठ १२ मा

# कार्यवाहक खोजेपछि विघटन भयो अभियान

राष्ट्रिय एकता अभियानको कमिटी विघटन गरी विनय यादवको संयोजकत्वमा ३७ सदस्यीय राष्ट्रिय एकता अभियान सम्मेलन आयोजक समिति गठन गरेको छ । अभियानका उपाध्यक्ष सुनिता साहले आफूलाई अभियानको कार्यवाहक घोषणा गर्नुभएको थियो । र अभियानलाई विभाजन गरी त्यसको कन्भर्फ अध्यक्ष बन्ने तयारी गरिरहनु भएको बेला संयोजक यादवले हतार हतारमा कार्यसमिति विघटन गरेर तदर्थ समिति गठन गर्नुभएको छ । अभियानका संयोजक विनय यादवले आफूलाई कारवाहक दिएको भन्दै फेसबुकमा आफू पनि लेख्नुभयो र अरुलाई पनि लेख्न लगाउनु भएको थियो । अभियानका संयोजकले कार्यबाहक दिएको फर्जि पत्र पनि उहाँले सार्वजनिक गर्नुभएको थियो । असार ३ गतेको सो पत्र फेसबुकमार्फत सार्वजनिक गरेपछि सहारा टाइम्सले त्यसको बारेमा सोधखोज गर्दा संयोजक यादवले आफै कतै बाहिर गएको छैन र कसैलाई कार्यबाहक पनि नदिएको प्रष्ट पार्नुभएको थियो ।

उता, अभियानको कार्यबाहक अध्यक्षको नाताले उहाँले आफ्नो अभिव्यक्ति दिन थाल्नुभयो । मिडियामा अन्तरवार्ताहरु पनि दिन थाल्नुभयो । अरुअरुसँग कार्यबाहक अध्यक्षको नाताले भेटघाटलाई तीब्रता दिन थाल्नुभयो । त्यसले अभियानमाथि असर पर्न थालेपछि बाध्य भएर संयोजक यादवले अभियानको कार्यसमिति विघटन गरेर तदर्थ समिति गठन गर्नुभयो । त्यसको अध्यक्ष आफू बन्नुभयो र बाँकी सबैलाई सदस्य बनाउनुभयो । यदि समयमा समिति भंग नगरेको भए सुनिता साहले अभियानलाई विभाजन गर्न सक्नु हुन्थ्यो । त्यो कुरा थाह पाएर नै संयोजक यादवले बुद्धि पुर्‍याउनुभयो ।

असार २४ गते अभियानको समिति भंग गरि नयाँ तदर्थ समिति गठन गरेपछि बाध्य भएर उहाँ असार २६ गते समतामुलक समाज निर्माण महाअभियानमा प्रवेश गर्नुभयो । मेघराज निषादका छोरा विजयप्रकाश निषादले गठन गर्नुभएको महाअभियानमा उहाँले प्रवेश गर्नुभयो । महाअभियानमा पनि उहाँलाई उपाध्यक्षको पद दिएको छ ।

मेघराज निषादले राष्ट्रिय समता पार्टी नेपाल गठन गर्नुभएको थियो । मेघराजको निधन भएपछि अहिले सो पार्टीको अध्यक्ष उहाँका छोरा विजय प्रकाश बन्नुभएको छ । पार्टीलाई निस्कृय गरी अहिले महाअभियानबाट काम गरिरहनु भएको छ । महाअभियानमार्फत संगठन बनिसकेपछि पार्टीलाई संक्रिय गर्नुहुनेछ । उहाँले तीन महिनापछि पार्टीलाई सक्रिय गरी बाहिर ल्याउने तयारीमा लाग्नुभएको छ । अभियानको तदर्थ समितिको महासचिवमा डा. प्रभात कुमार कुशवाहा रहनु भएको छ ।

६ महिनाभित्र सम्मेलन आयोजना गर्ने र परिस्थितीजन्य कारणले आवश्यक परे ३ महिनासम्म मिति सार्न सकिने जनाईएको छ । सम्मेलनको मिती र स्थान आयोजन समितीले तोक्नेछ । अभियानको अवधारणा पत्रको आधारमा संगठनको विधान तथा नियमावली तयार गर्नका संविधानसभा सदस्य बीपी यादवको संयोजकत्वमा ५ सदस्यीय विधान मस्यौदा उप-समिती गठन गरिएको छ ।

# पत्रकारमाथि अदालतमा मुद्दा

**भोला यादव**

नेपाल पत्रकार महासंघ, सिरहा शाखाका सचिव बिरुद्ध अदालतमा मुद्दा दर्ता भएको छ । महासंघका सचिव शिवदयाल यादवविरुद्ध भगवानपुर २ का महेश कुमार यादवले मुलुकी अपराध संहिता ,२०७४ को दफा २९६, ३०५, ३०६ र ३०७ बमोजिमको सजायको मांगदावीसहित मुद्दा दायर गर्नुभएको हो । मुलुकी अपराध संहिता, २०७४ को दफा २९६ मा , कसैले कुनै व्यक्तिको तस्वीर निजको अनुमति बीना अरुलाइ दिन वा बिक्री गर्न वा निजलाइ झिक्याउन वा सताउने, हैरान पार्ने नियतवाट कुनै अनुचित फाइदा लिने वा तस्वीरको ब्यापारीक प्रयोग गरी फाइदा लिने नियतले प्रकाशन गर्ने, प्रचार वा खरीद बिक्री गर्ने गराउने ब्यक्तिलाइ ३ वर्षसम्म कैद वा ३० हजार रुपैयासम्म जरीवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

पत्रकार यादवले उक्त ऐनको दफा आकर्षित हुने किसिमले महेश यादवको फेसबूकबालवाट फोटो झिकी आफ्नो फेसबूक वालमा सेयर गरी "दारु पार्टी होइन यो मास्टरजी त्यो पनि बिद्यालयको ड्रेसमा ।' महेशले होलीको अवसरमा खिचिएका सो फोटो सन २०१८ मार्च २ मा नै आफ्ना फेसबूकमा सेयर गर्नुभएको थियो । जुनबेला आफू शिक्षण पेसामा नरहेको महेशको भनाइ छ । मुलुकी अपराध संहिता, २०७४ को दफा ३०५ मा कसैले कसैलाई गाली गरेमा होच्याउने नियतले अपमानजनक शब्द प्रयोग गरेमा १ वर्ष सम्म कैद वा १० हजारसम्म जरीवाना वा दुवै सजाय हुने ब्यवस्था छ ।

सो ऐनको दफा ३०६ मा अरुको दृष्टिमा निजको ब्यक्तिगत चरित्र, आचरण, नैतिकता वा ख्यातीलाई होच्याउने गरी चरित्र हत्या गरेमा, अरुलाई विश्वास पार्नेगरी दोष लगाएमा वा प्रचार प्रसार वा प्रकाशन गरेमा बेईज्जती भएको गरेको मानिने र बेईज्जत गरे गराएमा २ वर्ष कैद वा २० हजार जरीवाना वा दुवै सजाय हुने ब्यवस्था छ ।

पत्रकार यादवले गत चैत्र २९ मा "११ बजे स्कूल आइ हाजिरी गर्ने र १ बजे टिफिनमा भाग्ने सूचना अधिकारी उर्फ मास्टरजी । सरकारी तलब जनताको खुन र पसीना हो न कि तिम्रो बाउको बपौटी सम्पति हो । ससुराली झै, आउजाउ गरी सरकारको तलव खाइ आफ्नो काम नगर्नु दुरुपयोग हो, भ्रष्टाचार गर्ने भ्रष्टाचारीलाइ बोल्नुको तुक छैन । आआफ्नो नैतिकता । लाज पचाएका लाज न भएका उर्फ मास्टर एवम् भ्रष्टाचारीजी भनि आफ्ना फेसबूकमा स्टाटस लेखी आफूलाई बेईज्जती गरेको महेशको दावी छ । महेश यादवले पत्रकार शिवदयाल यादव प्रकाशक/सम्पादक रहेको पत्रिका मिथिला रत्न दैनिकसँग सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले दिएको अधिकार प्रयोग गरी मांग गरेको सूचना उपलब्ध न गराएपछि राष्ट्रिय सूचना आयोगले ७ दिनभित्र लिखित जवाफ मांग गरेको छ ।

# क्षमता बिकासका लागी तालिम

सिरहाका अधिकांस स्थानीय तहले मातहतका सार्वजनिक निकायमा सूचना अधिकारी तोक्न तोकाउन नसकिरहेको अवस्थामा अर्नमा गाउपालिकाले सूचना अधिकारीहरुको क्षमता बिकासका लागी तालिम सञ्चालन गरेको छ । सिरहामा रहेको १७ पालिकामध्ये अर्नमा गाउँपालिका पहिलो पालिका हो जसले मातहतका सार्वजनिक निकायमा सूचना अधिकारी तोकेर उनीहरुको क्षमता विकासका लागि तालिम सञ्चालन गरेको हो । अर्नमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णानन्द सिंहले माग बमोजिमको सूचना नागरिकलाई उपलब्ध गराउनुपर्ने र कुन सूचना कसरी उपलब्ध गराउने, सूचनाको अध्याबधिक कसरी गर्ने, कानूनी ब्यवस्था के छ ? सूचना अधिकारीको काम, कर्तब्य र अधिकार के हो भन्ने कुराको जानकारी दिनका लागि तालिमको आयोजना गरिएको बताउनु भयो । अगामी आर्थिक वर्षका लागी सूचनाको हकमा बजेट बिनियोजन गरिएको बताउनुहुदै प्रमुख प्रशासकीय अधिकृत सिंहले अगामी वर्षमा पनि सूचनाको हक सम्बन्धि अभिमुखिकरण र सूचना अधिकारीहरुको क्षमता बिकासका लागी तालिम संचालन गरिने बताउनुभयो ।

तालिमको सहजिकरण सूचनाको हकको अभियन्ता परशुराम साहले गर्नुभएको थियो । बास नेपाल सिरहा शाखाका अध्यक्ष गोबिन्द बिष्टले नागरिकले मांग गरेको सूचना सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने बताउनु भयो । तालिममा अर्नमा गाउँपालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालयका सूचना अधिकारीहरुको सहभागिता रहेको थियो ।

**हत्या...**

बाबुले घरमै झुन्डिएको अवस्थामा आरतीलाई फेला पारेकाले उद्धार गरी अस्पताल ल्याएको तर अस्पताल ल्याउँदा डाक्टरले मृत्यु भइसकेको भनी घोषणा गरेको दावी गर्नुभएको थियो । तर आरतीको आमा बुवाले त्यो मान्न तयार हुनुभएको थिएन । प्रहरी पनि घटना पुगेको थियो । घरको एक कोठाको सिलिङ फ्यानमा एउटा सल भेटिएको थियो, जसको प्रयोग गरी आरतीले झुन्डिएर आत्महत्या गरेको प्रहरीले दावी गरेको छ । आरतीका माइती पक्षले त्यो आत्महत्या हुँदै होइन, आरतीको ससुरा र श्रीमानले हत्या गरेको दावी गर्न छाड्नु भएन । माइतीपक्षले प्रहरीमा आरतीका ससुरा र श्रीमानविरुद्ध कर्तव्य ज्यानको जाहेरी दिन खोजे तर प्रहरीले लिन मानेन । घटना हेर्दा आत्महत्या जस्तो देखिएकाले बरु आत्महत्या दुरुत्साहनमा मुद्दा दर्ता गर्न सकिने प्रहरीको भनाइ थियो । तर कर्तव्य ज्यानको किटानी जाहेरी दिने अडान लिएपछि पोस्टमार्टम रिपोर्ट नआएसम्म जाहेरी दर्ता नगर्ने प्रहरीले बताएको थियो । जेठ ८ गते अपराह्न १ बजे आरतीको शवको पोस्टमार्टम भयो । रिपोर्टले झुन्डिएको र त्यो आत्महत्या हुन सक्ने प्रहरीले दावी गरेको थियो ।

तर हत्या नै हो भनि किटानी उजुरी दिँदा पनि प्रहरीले लिन नमानेपछि माइतीपक्षले जिल्ला प्रहरी कार्यालयअगाडि शव राखेर आन्दोलन गर्‍यो । प्रहरीले कर्तव्य ज्यानमा जाहेरी दर्ता गरेर अनुसन्धान गर्ने प्रतिबद्धता जनाएपछि मात्र शवको दाहसंस्कार गरिएको थियो । दाहसंस्कार सकिएलगत्तै प्रहरीले आरतीका ससुरा मदन मोहन साह र श्रीमान मोती बाबु साहलाई पक्राउ गऱ्यो । अनुसन्धानका क्रममा मोतीबाबु साहले झगडा हुँदा आफूले तीन झापड हानेर बाहिर गएको तर साँझ आउँदा घरमा भित्रबाट चुकुल लागेको थियो । ढोका फुटालेर भित्र जाँदा आरती झुण्डिएको अवस्था भेटिएको र अस्पताल ल्याउन मृत घोषणा गरेको बयान उहाँले दिनुभएको छ । तर जेठ ७ गते साँझ ५:१५ बजे सलको पासो लगाएको अवस्थामा आरतीलाई फेला पारिएको र अचेत अवस्थामा रहेको भनिए पनि जेठ ८ गते अपराह्न १ बजेको आएको पोस्टमार्टम रिपोर्टमा आरतीको मृत्यु २४ देखि ३६ घन्टा पहिले भइसकेको भनि उल्लेख छ । त्यसलाई आधार भन्दा पनि छोरी आरतीको हत्या भएको पुष्टि भएको निर्मलादेवी बताउनुहुन्छ । प्रहरीको क्रियाकलाप शंकस्पद रहेको दावी माइती पक्षको रहेको छ । आरतीका बहिनी मनिषा साह भन्नुहुन्छ, 'कागज गर्न बोलाएपछि हामी त्यहाँ गयौं तर प्रहरीले पहिले नै कागज तयार पारेर राखेको रहेछ । हामीले भनेको भन्दा फरक कुरा उल्लेख गरेर हस्ताक्षर गराउन खोज्यो । हामीले त्यस्तो कागजमा हस्ताक्षर गर्न मानेनौं । मध्यराती हामीलाई उल्टो खुट्टा ढोगेर माफी माग्न लगाएको थियो । प्रहरीले कुटपिट गरेर हामीलाई जबर्जस्ती हस्ताक्षर गर्न लगायो । मैले मोवाइलबाट भिडियो खिच्न खोज प्रहरीले मेरो मावाइल पनि खोस्यो । मेरो मोवाइल प्रहरीले अझै फिर्ता दिएको छैन ।'

आरतीको न्यायका लागि संघर्षमा लाग्नुभएका एमालीका नेतृ एवं प्रदेश सभाका पूर्व सांसद डा.रिना यादवले यो केसमा प्रहरीले बदमासी गरिरहेको आरोप लगाउनुभयो । प्रहरीले निष्पक्ष छानविन गर्‍यो भने सबै कुरा बाहिर आउँछ तर उनीहरुले नै सुरुदेखि घटना लुकाउन खोजेको कारण यस्तो भएको दावी उहाँले गर्नुभयो । आरतीको हत्या भएको कुरामा कुनै शंका छैन, दहेज पनि एउटा कुरा हो मुख्य कुरा आरतीका मोतीबाबु चरित्र राम्रो थिएन, आरतीसँग बिहे गरेपनि बाहिर अरु अरु केटीसँग सम्बन्ध थियो, त्यो कुरा आरतीले थाह पाएपछि अवाज उठाउन थाल्नुभयो पछि दहेजको नाममा यातना दिन थाल्नु भयो त्यसले आरतीको मृत्यु भएको नेतृ यादवको दावी रहेको छ ।

त्यो घटनाको बारेमा अझै अनुसन्धान भइरहेको छ । काठमाडौंबाट सीआइबीको टोलीले पनि त्यसको बारेमा अनुसन्धान गरिरहेको छ । हाल आरतीका श्रीमान र ससुरा प्रहरीको हिरातमा रहेका छन् । तर आरतीको माइतीपक्षले आरतीका सासु आमा र देवरलाई पनि हिरासतमा लिनुपर्ने माग गरेर विगत एक महिनादेखि काठमाडौंको माइतीघरमा धर्ना बसेका छन् । माइतीघर मण्डलमा सडकको एउटा कुनामा एक महीनादेखि आरतीका बुवा विनोदप्रसाद साह, भाइहरु सन्तोष कुमार, धीरज, छोरी मनीषालगायत धर्नामा छन् । कहिले झरी, कहिले टन्टलापुर घाम त कहिले सवारी साधनको चर्को ध्वनिले उहाँहरुको धर्नालाई बिथोल्ने प्रयास गरिरहेका हुन्छन् तर आरतीको न्यायका लागि ती सबैसँग उनीहरु जुधिरहेका छन् । आरतीका आमा निर्मलादेवी दिनभर सडकमै बस्नु हुन्छ । जब रात पर्छ, त्यहीं छेउमा बनाएको त्रिपालको छाप्रोमा छिर्नुहुन्छ । सत्ने जस्तो गर्नुहुन्छ तर निद्रा पर्दैन, अनि छटपटिंदै बिहानीको बाटो पर्खिन्छन् ।

स्नातक पढेका छोरीलाई इञ्जिनियर ज्वाँइ पाएपछि खुशी हुनुहुन्थ्यो निर्मलादेवी र विनोद । तर विवाहकै सुरु दिनदेखि नै लफडा चलिरहेको थियो । आरतीको परिवारले छोरीको खुशीका लागि केटा पक्षको बखेडा पनि स्विकार्‍यो । २५ लाख ऋण गरेर छोरीको विहे गरेका निर्मलादेवी र विनोदलाई थाह थिएन कि दहेजकै कारण छोरीको हत्या हुन्छ । छोरीले न्याय नपाएसम्म घर नफर्किने बताउनुहुन्छ निर्मलादेवी । उहाँले भन्नुभयो, 'मेरो छोरीको हत्या गर्नेहरु खुल्लेआम घुमिरहेका छन् र म चुपचाप कसरी बस्नसक्छु न्याय नपाएसम्म घर फर्किन्न ।'

# विजयको प्रयासले उत्खन्न बन्द

सिरहा नरहा गाउँपालिकाको वडा नम्बर ३ मा केही दिनदेखि अवैध रुपमा बालुवा उत्खन्न गरी बिक्रि वितरण गर्दै आइरहेको थियो । त्यसले त्यहाँका स्थानीयहरु पीडामा थिए तर त्यसको विरुद्धमा कोही बोलिरहेका थिएनन् । स्थानीय व्यपारी रामप्रसाद यादव र विरेन्द्र यादवले स्थानीयलाई डर धम्की देखाएर लामो समयदेखि त्यहाँबाट गिटी बालुवा खनेर बेचबिखन गर्दै आइरहनु भएको थियो । त्यसले त्यहाँ ठूला ठूला खाल्डो भएका थिए । त्यही नजिक रहेको एउटा विद्यालय पनि जोखिमा थियो । मुस्लिमका घरहरु जोखिममा परेको थियो । तर ती व्यपारीको डरले कोही पनि बोलिरहेका थिएनन् । त्यो उत्खन्नले वस्ती नै जोखिममा पर्‍यो तैपनि त्यसको विरुद्धमा कोही आवाज उठाएन । यो कुराको जानकारी चोहर्वाका विजय यादवलाई भयो । विजय यादव जनता समाजवादी पार्टी नेपालका संघीय परिषद्का सदस्य हुनुहुन्छ । त्यो क्षेत्रमा चर्चित नेता भएको हुनाले त्यहाँ जनताले पनि उहाँ समक्ष गुनासो लिएर जानुभएको थियो ।

त्यसपछि उहाँले तुरुन्तै एक्सनमा जानुभयो । उत्खन्न गर्ने ठाउँमा नै गएर त्यसलाई रोक्ने प्रयास गर्नुभयो । तर ती व्यपारीले सुरुको दिनमा टेरेनन् । झडपको स्थिति पनि आएको थियो । विजय यादवमाथि ज्यानको खतरा पनि आइलाग्यो । त्यसका लागि उहाँले लामो समयसम्म संघर्ष गर्नुभयो । तैपनि उहाँ पछाडी हट्नु भएन । वन मन्त्री डा.विरेन्द्र महतोलाई फोन गर्नुभयो । जिल्लाका सिडियो, एसपीलाई पनि फोन गर्नुभयो तर त्यतिबेला कसैले रेसपोन्स गर्नुभएन । अनि धनुषामा रहनु भएका एसएसपी मनोज यादव जो सिरहाकै हुनुहुन्छ । उहाँलाई सम्पर्क गरेर सबै कुराको जानकारी दिएपछि उहाँले गोलबजारका प्रहरी टिमलाई खबर गरेर तत्कालका लागि उत्खनन् रोकाइएको थियो । विजय यादव भन्नुहुन्छ, 'पछि वन मन्त्रीज्युले पनि फोन गर्नुभयो सबै कुराको जानकारी गराएपछि उहाँले सिरहाका डिएसपीलाई फोन गर्नुभएका थियो । डिएसपीले मिर्चैयाका प्रहरीलाई पठाएर उत्खन्न रोक्न लगाउनुभयो ।'

उत्खन्न गर्ने ठाउँमा रहेको टिपरहरु पनि नियन्त्रण लिएर प्रहरी चौकीमा राखिएको थियो । सात आठ दिन उत्खन्न बन्द रह्यो । त्यसपछि ती व्यपारीहरुले प्रहरीकै मिलोमतोमा फेरि उत्खन्न सुरु गरेको बताउँदै विजय यादवले भन्नुभयो, 'मैले फेरि त्यसलाई रोक्नका लागि धेरै प्रयास गरे तर उल्टै मेरो ज्यानमाथि खतरा भयो, ज्यान मार्ने धम्कीहरु पनि आयो तर म पछाडि हटिनन् ।' जिल्लाका सिडियो तथा एसपीलाई सम्पर्क गर्नुको साथै वन मन्त्री महतोको निरन्तर सम्पर्कमा रहे । असार २९ गते सिरहा जिल्लाका सिडियो र नरहा गाउँपालिका अध्यक्षले अनुगमन गरी त्यो उत्खन्न कार्यलाई रोकेको छ तर खन्नका लागि फेरि चलखेल भइरहेको विजय यादव बताउनुहुन्छ ।

# मानव बेच्नेलाई सिके राउतको संरक्षण

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) का नेता पल्टन ठाकुरले १२ लाख रुपियाँ लिएर एकजनालाई जेनेभामा बेच्नु भएको छ । त्यसको लागि जनमत पार्टीले कारवाही गर्ने भएपछि उहाँ जनमत पार्टीमा प्रवेश गर्नभएको छ । उहाँले लोसपाले मात्र होइन, सरकारको तर्फबाट पनि कारवाही गर्ने भनेपछि जनमत पार्टीका अध्यक्ष सिके राउतले उहाँलाई संरक्षण दिएको टिप्पणीहरु भइरहेको छ ।

स्विजरल्याण्डको जेनेभामा आयोजित 'अन्तर्राष्ट्रिय श्रम सम्मेलन' मा सहभागी हुन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीसँग गएका मधेस ट्रेड युनियन महासंघका केन्द्रीय सदस्य कुलबहादुर खड्का उतै हराएपछि मधेस ट्रेड युनियन महासङ्घ नेपालका अध्यक्ष अध्यक्ष ठाकुर छानविनको दायरमा आउनु भएको छ । महासंघका अध्यक्ष ठाकुरले सम्मेलनमा सहभागी हुनका लागि मजदुर नेताको रूपमा खड्कालाई सिफारिस गर्नुभएको थियो । तर सम्मेलनमा सहभागी हुन स्विट्जरल्याण्ड जानु भएका हालसम्म उहाँ फर्किनु भएको छैन । लोसपाका नेता समेत रहेका अध्यक्ष ठाकुरले खड्कासँग १२ लाख रुपैयाँ लिएर भ्रमण टिममा सहभागी गराएको आरोप छ ।

लोसपाका वरिष्ठ नेता समेत रहनु भएका मन्त्री भण्डारीले अध्यक्ष ठाकुरले गलत काम गरेको र उहाँलाई कारवाही हुने बताउनुभयो । उहाँलाई कारबाही गर्ने तयारी गरिरहँदा पार्टी छाडेर भाग्नु भएको मन्त्री भण्डारीले दावी गर्नुभयो । सम्मेलनमा गएको व्यक्ति अझै नफर्केको बारेमा छानबिन भइरहेको दोषीमाथि कारबाही हुने मन्त्री भण्डारीले बताउनुभयो । तर अध्यक्ष ठाकुर भने आफूले सिफारिस मात्रै गरेको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, 'मैले सिफारिस मात्र गरेको हुँ, त्यो मान्छे किन आएन त्यो खोज्ने काम सरकारको हो, सरकारले खोजेर ल्याउनुपर्छ ।' पल्टन ठाकुरले काँग्रेसबाट राजनीति सुरु गर्नुभएको हो ।

मनोरञ्जन/विविध

# आथियालाई के भने उनको बुबा सुनिलले ?

बलिउड अभिनेता सुनिल शेट्टीले आफ्नी छोरी आथियालाई केएल राहुलजस्तो जीवन साथी पाएकोमा उनलाई भाग्यमानी बताएका छन् । सुनिलले आथियालाई राम्रो नराम्रो दुवै समयमा सधैँ राहुललाई साथ दिनु भनेर सम्झाउने गरेको बताए । एक भारतीय सञ्चार माध्यममा सुनिलले भने, 'मैले आथियालाई सधैँ हारलाई सहन सिकाएको छु । दोस्रो कुरा भनेको आफ्नो पार्टनरलाई आँखा बन्द गरेर विश्वास गर ।'

'तेस्रो कुरा राहुल एक खेलाडी हुन्, उनलाई धेरै ठाउँमा जानुपर्ने हुन्छ । तिमी उनीसँग सबै ठाउँमा जान सक्दिनौ । उनलाई सधैँ साथ दिनु किनभने खेलाडीको जीवनमा पनि उतार-चढाव आउँछन्,' सुनिलले छोरीलाई दिने सल्लाह बारे बताए । सुनिलले थपे, 'जब कोही खेलाडीले रन हान्छन् उनीहरू अलग दुनियाँमा हुन्छन् । म आफ्नो समयमा सुनिल गावस्करलाई आफ्नो हिरो मान्थेँ । मेरो लागि उनी आज पनि हिरो नै हुन् ।'

सुनिलले राहुललाई पनि चेतावनी दिएका छन् । उनले भने, 'यति धेरै राम्रो नबन कि हामी सबै तिम्रो अगाडि सानो देखिऔँ । तिमी यति धेरै राम्रो पनि नबन कि मानिसले तिमीलाई नै राम्रो के हो भनेर सिकाउन् । राहुल असाध्यै उदार खालका व्यक्ति हुन् । म आथियालाई सधैँ भन्छु कि तिमी भाग्यमानी छौ कि तिमीले राहुलजस्तो जीवनसाथी पाएकी छौ ।'



# बन्ने भयो 'नाइन नएबीबी'

२०३० मा नेपालमा भएको विमान अपहरणका विषयमा आधारित रहेर चलचित्र 'नाइन एनएबिबी' निर्माण हुने भएको छ । चलचित्र निर्देशक विजय कार्कीले घोषणासँगै विषय मिल्दो पोस्टर सार्वजनिक गर्नुभएको छ ।

"लुकेका कथालाई बाहिर ल्याउनेछौँ । त्यो समयलाई पर्दामार्फत पूर्ण ताजा बनाउने छौँ", निर्देशक कार्कीले भन्नुभयो, "यो घटनासँग जोडिएका र सरोकारवाला व्यक्तिहरूसँग सम्पर्कमा रहेर कथा तयार पारिरहेको छु । यसमा विमान अपहरणको योजना कसरी बन्यो र त्यसपछि के भयो भन्ने कुरा देखाइनेछ ।" उहाँले यसको कथा लेखनमै रहेता पनि निर्माण घोषणा गरिएको बताउनुभयो ।





# इरा डिप्रेशनमा

आमिर खानकी छोरी इरा खानले हालै डिप्रेशनको बारेमा कुरा गरेकी छिन् । इराले एक अन्तर्वार्तामा आफू पाँच वर्षभन्दा बढी समयदेखि डिप्रेसनसँग लडिरहेको बताइन् । आमाबुवाको सम्बन्धविच्छेदले आफूलाई त्यति असर नगरेको बताइन् । तर, करिब डेढ वर्षसम्म निकै दुःखी रहेकी थिइन्, त्यति मात्र होइन, खानपानसमेत छाडि दिइन् । इराले आफू मात्र नभएर परिवारका अन्य सदस्य पनि डिप्रेसन वा अन्य मानसिक समस्याको सिकार भएको बताइन् ।

इराले हालै अगस्टु फाउन्डेसन सुरु गरेकी छिन् । यसले मानसिक स्वास्थ्य समर्थन प्रदान गर्न काम गर्दछ । इराले उनका बुवा आमिर र आमा रीना यस संस्थाको सल्लाहकार बोर्डमा रहेको बताइन् । यति मात्र होइन, आमिरले यो फाउन्डेसन सुरु गर्न आईआरएलाई आर्थिक सहयोग पनि गरेका छन् ।दिनमा आठ घण्टा रुन र १०-१० घण्टा सुत्दा आफूभित्र केही परिवर्तन भएको इराले बताइन् । जतिबेला इरा नेदरल्याण्डमा पढ्दै थिइन् । उनकी आमाले उनलाई डिप्रेसनमा रहेको महसुस गरेकी थिइन । इराले भनिन्, 'तिमीलाई बाँच्न मन लाग्दैन ? भनेर एकदिन सोध्नु पनि भयो ।'

इराले आफू किन दुखी भएकी थिइन् वा खुसी नभएको कुरा किन हो ? आफैले बुझ्न नसकेको बताइन् । आमाबाबुले आफ्नै स्वेच्छाले छुट्टिँदा पनि उनी किन यति दुःखी भएकी थिइन् ? उनले बुझ्न सकिनन् ।

# रविनाको छोरी थडानी फिल्ममा

बलिउड अभिनेत्री रविना टण्डनकी छोरी राशा थडानी पनि फिल्ममा डेब्यु गर्न तयार छिन् । आमाजस्तै सुन्दर र निर्दोष देखिने राषा अब चलचित्रमा आफ्नो आकर्षण देखाउन तयार छिन् । राशा थडानी निर्देशक अभिषेक कपुरको फिल्मबाट डेब्यु गर्दैछिन् ।

हालै राशालाई उनको अफिस बाहिर देखियो, त्यसपछि यस विषयमा चर्चा सुरु भयो तर अब राशाले अभिषेक कपुरको फिल्मबाट बलिउडमा डेब्यु गर्दैछिन् भन्ने पुष्टि भएको छ ।

रस थडानीको यो डेब्यु फिल्म एक्सन-एड्भेन्चर फिल्म हुनेछ, जसको छायांकन छिट्टै सुरु हुँदैछ । यस फिल्मबाट अजय देवगनका भतिजा अमन पनि राषासँग डेब्यु गर्दैछन् ।

फिल्ममा अजय देवगन पनि रहने बताइएको छ । फिल्मको नाम भने खुलाइएको छैन तर सन् २०२४ को फेब्रअरी-मार्चसम्ममा रिलिज हुने बताइएको छ । समाचार अनुसार यो ९ फेब्रअरी २०२४ मा रिलीज हुन सक्छ ।

राशि थडानी भर्खर १८ वर्षकी भएकी छिन् र उनले यसै वर्ष स्नातक गरेकी छिन् । राशा राम्रो डान्सर पनि हुन् । आमा रविना टण्डनसँगको उनको तस्बिर सामाजिक सञ्जालमा प्रायः देखी नै रहन्छ ।

अमनको कुरा गर्दा उनी अजय देवगनकी बहिनी नीलमका छोरा हुन् । अमनलाई अभिनयको मन छ र उनी चलचित्रमा काम गर्न चाहन्छन् । अभिषेक कपुरले यी दुबै स्टार किड्सलाई लन्च गर्ने जिम्मेवारी लिएका छन् । यसअघि अभिषेकले सारा अली खानलाई फिल्म केदारनाथमा लन्च गरेका थिए ।








## सप्तरी र सोलुलाई जोड्ने रामनारायण

# राजनीतिमा अशोक झा यसरी जमे सोलुमा

सप्तरी छिन्नमस्ता-३ का ७२ वर्षीय रामनारायण झाका लागि अहिले आफ्नो जन्मभूमी भन्दा कर्मभूमी प्यारो भएको छ । ४२ वर्ष पहिले सप्तरीबाट अँग्रेजी शिक्षकको रुपमा सोलुको सल्यान पुग्नु भएका रामनारायण झा अहिले त्यहीका निवासी हुनुभएको छ । उहाँ भन्नुहुन्छ, 'मनमा सप्तरी भएपनि कर्ममा सोलु बसेको छ, अब चाहेर पनि सधैका लागि सप्तरी फर्किन सकिदैन ।'

रामनारायण झा हाल सल्यानको दुधकोशी बहुमुखी क्याम्पसका प्रिन्सिपल भएर काम गरिरहनु भएको छ । क्याम्पसका संस्थापक समेत रहनु भएका रामनारायणले सोलुको मायाले सप्तरी फर्किन नदिएको बताउनुहुन्छ । डडेल्धुरा जिल्लामा अस्थायी शिक्षकको रुपमा कार्यरत रामनारायण झा त्यही स्थायी हुनुभएको थियो । स्थायी भएपछि आफ्नो गाउँ ठाउँमा जान कसलाई रहर हुँदैन, उहाँले पनि सप्तरीको पब्लिक विन्देश्वरी स्कुलमा आफ्नो दरबन्दी पार्नुभएको थियो ।

उहाँ त्यहाँ केही समय काम पनि गर्नुभयो । उहाँको सरुवा सोलुको सल्यान भयो । उहाँ त्यहाँ जान मान्नुभएको थिएन । तैपनि जिल्ला शिक्षा अधिकारी जगत बहादुरले केही समयका लागि भए पनि जानुस् पछि फेरि यहीं ल्याउने भनि आश्वासन दिएपछि रामनारायण झा २०३८ फागुन २१ गते महेन्द्र उदय मावि सल्लाह जानु भयो । स्कूलको पहिलो दिनमै उहाँ प्रत्येक कक्षामा जानुभयो । विद्यार्थीको अनुहार हेर्नुभयो, कक्षाको भौतिक अवस्था हेर्नुभयो, त्यहाँको शिक्षाको गुणस्तर हेर्नुभयो, सबै लथालिङ थियो । उहाँले भन्नुभयो, त्यहाँको अवस्था हेर्दा लाग्यो मेरो आवश्यकता यो स्कूलका लागि छ, यदि म यहाँ मद्दत गरेपछि शिक्षामा सुधार हुन्छ, विद्यार्थीको भविष्य बन्छ भने म सबै थोक गर्न तयार छु ।'

त्यो दिनदेखि रामनारायणले आफ्नै स्कूल जस्तो त्यहाँ पढाउन थाल्नुभयो । पहिलो वर्षमा त्यो स्कूल राष्ट्रिय पुरस्कार प्राप्त गर्‍यो भने एसएलसीमा विगतको भन्दा दोब्बर बढी विद्यार्थी पास भयो । यी सब रामनारायण झाको मेहनताको नतिजा हो । रामनारायण झाको चर्चा जिल्लाभर फैलियो । उहाँको मान सम्मान बढ्न थाल्यो । झा सर अब सधैका लागि यही बस्नुपर्छ भनि चर्चा सुरु भयो । तर उहाँले स्कूललाई सुधार गरेपछि पुनः आफ्नै गाउँ ठाउँमा फर्किने सोच बनाउनु भएको थियो तर त्यहाँको स्थानीयको माया र विद्यार्थीको प्रेमले घेरा हालिरहेका थिए । त्यो घेरा तोड्न उहाँलाई २० वर्ष लाग्यो । उहाँ काज मिलाएर भएपनि सप्तरीको त्यही पब्लिक विन्देश्वरी स्कूलमा पुग्नुभयो ।

त्यहाँ गएर पनि केही समय स्कूलको सुधारमै समय लगाउनुभयो । स्कूलको रिजल्ट राम्रो आउन थाले । सबैले उहाँको प्रसंशा गर्न थाल्नुभयो । अब रामनारायणलाई फर्किनु दिनुहुन्न भनि अनेक उपाय निकाल्यो । रामनारायणलाई पनि यही आफ्नै ठाउँमा शिक्षाका लागि केही गरौं भनि सोचमा हुनुहुन्थ्यो । फेरि सोलु फर्किन नपरोस् भनेर त्यसका लागि उहाँले थुप्रै ठाउँमा प्रयास पनि गर्नुभयो । अन्त्यमा, तत्कालिन शिक्षा अधिकारीले जहाँबाट तपाई यहाँ आउन चाहनुभएको छ, त्यो स्कूलले सहमति दियो भने आफूले यहाँ सप्तरीमा कतै मिलाउन सकिने भनिएको थियो ।

यो थाह पाएर रामनारायण सोलुको त्यही स्कूलमा पुग्नुभयो । जहाँ उहाँको दरबन्दी थियो । सरुवाका लागि सहमति माग्न गएका रामनारायणलाई त्यहाँका अभिभावकले फर्किनै दिएनन् । तपाईको आवश्यकता उता सप्तरीमा होइन, यहाँ सल्यानमा भनेर त्यही राख्यो त्यहाँबाट फर्किनै दिएन । त्यो दिनदेखि आजसम्म उहाँ सप्तरी फर्किनु भएको छैन । त्यही स्कूलको हेडमास्टर पनि हुनुभयो । रिटायर्ड भएपछि त्यहाँ काँग्रेसका नेता बलबहादुर केसीलगायतले कलेज स्थापना गर्नुभयो । त्यसको प्रिन्सिपल बनाई दिए रामनारायणलाई । उहाँ त्यहाँबाट फर्किनै सक्नुभएन ।

**लक्ष्मीसँग बिहे**

स्कुलमा पढाई रहँदा बेलाबेला सप्तरी फर्किने कुरा गर्दा त्यहाँका स्थानीयले एउटा उपाय निकाले । रामनारायण झा र त्यहाँका एकजना लक्ष्मी भने केटीसँग प्रेम रहेको कुरा त्यहाँका स्थानीयलाई भित्रभित्रै थाह थियो । तर त्यो कुरा बाहिर आएको थिएन । लक्ष्मीसँग बिहे गराई दिएपछि रामनारायण गाउँ फर्किन सक्दैन भनि युक्ति निकाल्यो । सुरुमा रामनाराणको प्रेमको हल्ला गाउँमा फैलाइयो । गाउँभर हल्ला फैलिएपछि बिहे गर्ने कुरा आयो । रामनारायण बिहे गर्न तयार हुनुभयो । जब कि रामनारायणको बिहे भइसकेको थियो । जेठी श्रीमतीको नाम पनि लक्ष्मी नै थियो । जेठी श्रीमतीको नामसँग मिल्दा नाम भएको कारण रामनारायण सोलुका लक्ष्मीप्रति आकर्षित हुनुभएको थियो । बिहेपछि अब यतै बस्नुपर्छ भन्दै रामनारायण आफूसँग रहेको १५ हजार रुपियाँ र अरु बाँकी ऋण लिएर ७० हजारमा ३२ रोपनी खेतीयोग्य जग्गा किन्नुभयो । त्यही खेतीपाती र मास्टरी गर्न थाल्नुभयो । उनै रामनारायण झाका जेठी पट्टीका छोरा अशोक झा सोलुमा राजनीतिक विरासत कायम गर्न सफल हुनुभएको छ । बुवा शिक्षा क्षेत्रमा सफल भए जस्तै छोरा अशोक राजनीतिको सफलतातिर लम्किदै हुनुहुन्छ ।

**अशोकले यसरी मारे बाजी**

अशोक झा सोलुखुम्बु जिल्लाको तरुण दलका अध्यक्ष हुँदा धेरैले भन्थे, के सोलुमा काँग्रेसमा अरु कोही नेता थिएनन्, अरु कोही कार्यकर्ता थिएनन् जो एक जना मधेशीलाई अध्यक्ष बनाइयो ।' रामनारायण झाका त्यही अशोक झा अहिले तरुण दलको केन्द्रिय सदस्यको पहिलो नम्बरमा मनोनित हुनुभएको छ । मेचा सल्यान-२ दोदीमा एक घर मात्र झा छन् । त्यही घरका अशोक झा त्यहाँका चर्चित युवा नेता हुनुभएको छ । रामनारायण मास्टरीमा जसरी सबैको प्यारो हुनुभयो त्यसरी नै अशोक झा राजनीतिमा सबैको प्यारो हुनुभएको छ । सुरुमा उहाँलाई राजनीतिसँग कुनै मतलब थिएन । २०५२ सालमा एसएलसी पास गरेर उच्च शिक्षाका लागि काठमाडौं आएर शंकरदेव क्याम्पसमा पढाई सुरु गर्नुभएका अशोक झा आइए पास गरेपछि प्रहरीको जागिर खान असईका लागि ट्राइ गर्नुभएको थियो । तर उहाँले पास गर्न सक्नुभएन ।

त्यसपछि पढाईलाई निरन्तरता दिँदै काठमाडौंमै केही गर्ने सोच बनाएर यतै बस्न थाल्नुभयो । माओवादीको जनयुद्ध चलिरहेको कारण उहाँलाई सोलु फर्किन मन लागिरहेको थिएन । त्यही बेला उहाँको बुवा रामनारायण झा माओवादीको अपहरणमा पर्नुभएको थियो । त्यसपछि अशोक झा सोलु फर्किनुभएको थियो । सुरुमा माओवादीसँग निकै डर लाग्थ्यो तर बुवा अपहरणमा परेपछि डर नै हरायो, उहाँले भन्नुभयो, 'म दोदीमा माओवादीसँग जुध्न थाले, लामो संघर्षपछि बुवालाई अपहरण मुक्त गराए ।' त्यसपछि अलिअलि राजनीतिमा रुची जाग्न थाल्यो । अशोक झाका बुवा पहिलादेखि काँग्रेस निकट हुनुहुन्थ्यो ।

अशोक झा भन्नुहुन्छ, 'बुवा २०३८ सालतिर मास्टरी गर्न सोलु आउनु भएको थियो सारा जीवन जवानी यही दिनुभयो, त्यहाँका स्थानीयले निकै माया गर्छन् ज्वाइँ साप भनेर बोलाउँछन् तर जब राजनीतिको कुरा आउँछन् अनि मधेशी भनेर साइड लगाई दिन्छ ।' काँग्रेसको १२ औं महाधिवेशन हुँदा अशोक बुवा महाधिवेशन प्रतिनिधिका लागि सोलुमा उम्मेदवारी दिएका थिए तर मधेशी भएकै कारण उहाँ चुनाव जित्न सकेन जब कि त्यहाँका लागि उनी चर्चित व्यक्ति हुनुहुन्छ । महाधिवेशन प्रतिनिधिमा बुवा हारेपछि अशोक झालाई चित्त दुखेको थियो । आफ्नो ठाम छाडेर यत्रो वर्ष यहाँका समाजलाई सेवा गरे, पार्टीलाई सेवा गरे तैपनि किन पत्याउँदैन भनि उहाँले आफैलाई आफै प्रश्न गर्नुभयो । तर उत्तर पाउनका लागि राजनीति नै गर्नुपर्छ भनि सोचका साथ उहाँ राजनीतिमा सक्रिय हुनुभयो ।

बुवाका कारण काँग्रेसका नेता तथा कार्यकर्तासँग थोरबहुत चिनजान छँदै थियो । त्यहाँका युवामा उहाँ आफै पनि चर्चित हुनुहुन्थ्यो । त्यहाँका स्थानीय युवाले पनि अशोकलाई निकै मन पराउँथे । त्यसलाई क्यास गर्दै उहाँ राजनीतिमा आफ्नो ठाउँ बनाउन थाल्नुभयो । स्थानीय नेतादेखि लिएर केन्द्रका नेताहरुसँग आफ्नो सम्बन्ध बनाउँदै जानुभयो । तर रामनारायण भन्नुहुन्छ, 'आज अशोक झा जे छन् आफ्नै कारणले हो, म यहाँको मास्टर भएको कारणले नजानिदो तरिकाले सहयोग भएको होला त्यो छुट्टै कुरा हो तर राजनीतिमा अगाडि बढ्न मेरो कुनै योगदान छैन अशोक आफै सक्षम छन् उनलाई यहाँका सबैले मन पराउँछन्, यहाँका जनताका लागि उनले धेरै गरेका छन् । दुख सुखमा साथ दिइरहेका छन् ।

उहाँ आफ्नै लगनशिलता र मेहनताका कारण एक पटक तरुण दल जिल्ला समिति सोलुखुम्बुको उपाध्यक्ष नै हुनुभयो । काँग्रेस नेता बलबहादुर केसी गाउँका हुनुहुन्छ अशोक झा । बलबहादुर केसीसँग पनि उहाँले हिमचिम बढाउन थाल्नुभयो । बलबहादुर केसीले आफ्नो फुपुको छोरा केदारभक्त कार्कीलाई तरुण दलको जिल्ला अध्यक्ष बनाउनु भएको थियो । ५२-५३ वर्षका कार्की तरुण दलको अध्यक्ष कसरी हुन्छ भनि अशोक झाले जताततै प्रश्न गर्न थाल्नुभयो ।

**तरुण दलको अध्यक्ष**

यो कुरा उनले बलबहादुर केसीलाई पनि भन्नुभयो । तर बलबहादुर केसीले अशोक झालाई स्थान दिइरहनुभएको थिएन । त्यतिबेला तरुण दलका अध्यक्ष हुनुहुन्थ्यो उदय शम्शेर राणा । अशोक झा उदय शम्शेरको नजिक हुन पनि निकै प्रयास गर्नुभयो । तर असफल भइरहेका थिए । २०७० को दोस्रो संविधान सभा चुनावमा बलबहादुर केसी आफ्नो चुनावी क्षेत्रमा कार्यक्रम गरिरहेको बेला पार्टीकै केही युवा नेताहरु बलत्कारी, भ्रष्टाचारी  नेता भनेर नारा लगाएका थिए । यो कुरा सुनेर अशोक झालाई झोक चढ्यो । यस्तो कही हुन्छ आफ्नो पार्टीका नेतालाई खुलेयाम यसरी गाली गर्न पाइन्छ भनि कराउँदै कार्यक्रममै ती युवा नेतामाथि जाई लाग्नुभयो । कार्यक्रममा भाग भाग भयो । कार्यक्रम नै बिथोल्यो । त्यही दिन साँझ बलबहादुर केसीले अशोक झालाई बोलाएर कुरा गर्दै भनेका थिए, 'म त यो मधेशका केटाले यहाँ के नै गर्न सक्छन् र भन्ने ठोनका थिए तँ त साह्रो हिम्मतिलो जोशिलो छस् अब तिमी मलाई साथ दिनुपर्छ, मैले तपाईका लागि के के गर्नुपर्छ सबै गर्छु ।'

त्यही दिन तरुण दलका तत्कालिन अध्यक्ष उदय शम्शेर राणालाई फोन गरेर बलबहादुर केसीले भन्नुभएको थियो, 'यो अशोक झा भन्ने भाइ त साह्रै माइ डियर मान्छे रहेछ, हामीलाई चाहिने व्यक्ति रहेछ यसलाई हामी आफ्नो साथमा राखेर देशैभर घुमाउनु पर्छ, उनलाई छिट्टो सोलुको कार्यबाहक अध्यक्ष बनाई दिनुस् ।'

बलबहादुरले आफ्नै फुपुको छोरालाई अध्यक्षबाट हटाएर अशोक झालाई कार्यबाहक अध्यक्ष बनाएका थिए । कार्यबाहक अध्यक्ष दिँदा जिल्ला भरमा पार्टी कार्यकर्ताले अशोक झाको विरोध गरेका थिए । सप्तरीका एउटा भर्खरका मधेशी केटालाई कार्यबाहक अध्यक्ष कसरी बनाउन मिल्छ, यो सम्भव नै छैन भनि विरोध गरेका थिए । तर त्यो विरोध दुई चार दिन मात्र सुनिएको थिए । जसले विरोध गरेका थिए पछि उनै अशोक झाको फ्यान भएका थिए ।

अशोक झा भन्नुहुन्छ, 'म मधेशी समुदायको हुँ, मधेशबाट हिमाल चढेको हुँ, तर म मधेशी हुँ भनि कहिले फिल भएन जहिले पनि म आफूलाई नेपाली ठान्थे तर बेलाबेलामा मधेशी भनेर सोलुबालाले सप्तरी याद दिलाई दिन्थ्यो ।' २०७२ मा भएको अधिवेशनबाट कन्फर्म अध्यक्ष हुनुभयो उहाँ । काठमाडौंमा उहाँ काँग्रेसका पार्टीका सभापति शेरबहादुर देउवाका गुटका हुनुहुन्छ भने जिल्लामा बलबहादुर केसीलाई नेता मान्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'केन्द्रमा म शेरबहादुर देउवालाई मान्छु जिल्लामा बलबहादुरलाई मान्छु किनभने जहाँ जसको महत्व छ त्यहाँ त्यसलाई म सम्मान गर्छु । यो कुरा दुवै जनालाई थाह छ ।'

तरुण दलमा उहाँ यति प्रिय भए कि केन्द्रदेखि जिल्लासम्म सबैले मन पराउन थाले । सबैको आवश्यकता जस्तै उहाँ हुनुभयो । उदय शम्शेर आफू अर्थ राज्यमन्त्री हुँदा अशोक झालाई आफ्नो सचिवालयमा नै राख्नुभएको थियो । अहिले पनि उदयशम्शेर राणाको साथमै हुनुहुन्छ । बलबहादुर केसीले पनि उहाँलाई आफैसँग राख्न चाहनु भएका थियो । मधेशको केटो सोलु गएर यसरी छलाङ मारेका कि उहाँ तरुण दलका केन्द्रिय अध्यक्ष बन्ने हैसियत बनाई सक्नुभएको छ ।

रामनारायण कहिले काहीं सप्तरी जानुहुन्छ । प्रत्येक दशैंमा छिन्नमस्ता भगवती मन्दिरमा पुजापाठ गर्न उहाँ पुग्नुहुन्छ । अशोक पनि कहिले काही सप्तरी जानुहुन्छ । तर अधिकाँश समय उहाँको सोलुमै बित्छ । रामनारायण झाका जेठी श्रीमती र एक जना कान्छो छोरा आमासँग सप्तरीमा बस्छन् । जेठी पट्टीको एउटा छोरा अशोक र अर्को छोरी सोलुमा बस्छन् । कान्छी श्रीमती पट्टी दुई जना छोरा र दुई जना छोरी छन् । त्यसमध्ये दुई जना छोरा र एक जना छोरी अष्ट्रेलियामा हुनुहुन्छ ।

रामनारायण सोलुमा एक्लै हुन्छ । छोरा अशोक राजनीति गर्ने भएकाले प्राय काठमाडौं बस्नुहुन्छ । कान्छी श्रीमती पनि प्रायः काठमाडौं बस्नुहुन्छ । एउटा छोरी हुनुहुन्छ । सोलुमा मास्टरी गर्नुहुन्छ । अशोक झा भन्नुहुन्छ, 'आमा कहिले काहीं सोलु आउनु हुन्छ । पहिला भाइ पनि सोलुमै बस्थे पछि उनलाई सप्तरीमै बस्न मन लाग्यो उतै आमासँग बसिरहेछ । म राजनीतिका कारण सोलुलाई नै रोजे तर सप्तरीको माया लागेर आउँछ ।' सप्तरीकै कारण अशोक झा सोलुमा जम्नु भएको हो, उहाँ अगाडि भन्नुभयो, 'म मधेशी भएकोमा मलाई कुनै पश्चाताप छैन कहिले त्यसले मलाई फाइदा पनि दिएको छ भने कहिले घाटा पनि पुर्‍याएको छ म राजनीतिमा आएर सोलु र सप्तरीबीच जुन खाडल छ त्यसलाई पुर्ने प्रयास गर्छु ।' रामनारायणलाई पनि सप्तरीको माया नलागेको होइन, तर कर्मभूमीले यसरी आफ्नो मायाको जालमा फँसाई सकेको छ कि त्यहाँबाट उम्किन सक्नुभएको छैन । तर मौका पाउनै बित्तिकै जन्मभुमी सप्तरी पुग्नु हुन्छ र त्यहाँका माटोसँग खेल्नुहुन्छ । साथी भाइसँग रमाउनु हुन्छ । रामनारायण भन्नुहुन्छ, 'जसरी म दुईटा श्रीमतीलाई माया गरेर राखेको छु त्यसरी नै सप्तरी र सोलुलाई माया गरेको छु दुवैसँग मेरो अगाध प्रेम छ ।'

# पानीको पर्खाईमा किसान

असारे पानीमा रुझ्दै धान रोप्नुपर्ने बेलामा पानी नपरेकाले यहाँका किसान धान लगाउन नपाएपछि चिन्तित छन् । मध्य असारअघि धानको शाही (बीउ) रोपाइँ सकेर अहिले रोपो गोड्ने बेला धानको गाबो नै लाउन नपाएका यहाँका किसान खडेरीको चिन्ताले पिरोलिएका हुन् । “अई बेर मुँहमे माड लगवाक कोनो उपाय नई सुधैय” (यसपाली मुखमा माड लाग्ने केही उपाय देखिन्न) लामो सास फेर्दै महोत्तरीको भङ्गाहा-४ रामनगरका ६५ वर्षीय किसान गोविन्दलाल खाँ थारुले भन्नुभयो, “धानके गबो नई रोपायल, परिवारक प्रतिपाल केना होतै ?” (धानको गबो नै लगाउन पाइएन, जहान परिवारको गुजारा केले होला ?) ।

असार मास (महिना) मा चैत/वैशाखको जस्तो हुरहुरे बतासले धुलो उडाउनु खडेरी (अनिकाल) को कूलक्षण भएको थारुको चिन्ता छ । उहाँजस्तै यहाँका आम किसान अहिले मुख्यबाली भनिने धान लगाउन नपाएपछि चिन्तामा छन् । मटिहानी-३ का किसान इलियास राइनले भन्नुभयो, “अब धान रोप्न पाइने आश छाडे हुनेभयो ।” असार सकिनै लाग्दासम्म बीउ रोप लाउन नसकिएको धानबाट उत्पाद पनि राम्रो नहुने उहाँले बताउनुभयो । यता हिउँदे धानखेतीमा जेठ मध्यअघि ब्याड राख्ने, असार मध्यअघि शाही (बीउ) रोप सक्ने र साउन मध्यअघि खरुअन (कलम,बीउ रोपको धान गाँजिएपछि उखेलेर रोपिने) तालिका छ ।

यसपाली पानीको अभावका कारण किसानले राम्ररी ब्याड राख्न नपाएको बताउँछन् । धानको हिले ब्याड राम्रो मानिए पनि पानी नभएपछि घर नजिक घुऱ्यानमा थोरथार राखिएको धुले बीउ पनि पानी बेगर पहेंलिएर धेरैजसो सुकेको किसानको दुःखेसो छ । यसपाली गत हिउँददेखि नै खडेरीको लक्षण देखिएको किसानहरुले बताउँछन् । हिउँदभरि पानी नपरेर बितेपछि पानीका स्रोतका मूहान (नदी, खोल्साखोल्सी, इनार, बोरिङ, चापाकल, जरुवा) चैतदेखि सुक्दै गएका स्थानीय बताउँछन् । पानी अभावका कारण खेतीमा मात्र नभई पिउन पनि धेरै ठाउँमा खानेपानीको हाहाकार परेको थियो ।

सिँचाइको प्रबन्ध नहुनु, समयमा बीउ, मल नपाउनु र खेतीपातीका लागि सुलभ ऋण नपाउनुलगायत समस्या किसानले झेल्दै आएका बर्दिबास-९ पशुपतिनगर टोकीटोलका किसान रामचन्द्र थापा मगरले बताउनुभयो । “तीन तहका सरकार भए पनि किसानका हितमा उल्लेखनीय कुनै काम हुन सकेको छैन । सरकारले बर्सेनि बजेटमार्फत किसानका सहुलियतका लागि घोषणा गरेका कार्यान्वयको पक्ष फितलो छ”, उहाँले भन्नुभयो ।

महोत्तरी जिल्लामा करिब ७१ हजार हेक्टर खेतीयोग्य जग्गा रहेमध्ये ५० हजार हेक्टरको सेरोफेरो धान खेतीका लागि उपयुक्त मानिएको कृषि ज्ञान केन्द्र महोत्तरी, जलेश्वरले जनाएको छ । जिल्लाका कूल खेतीयोग्य जग्गामध्ये मुस्किलले १० प्रतिशत मात्र सिञ्चित (कुलो, नहरको पानी लाग्ने) छ । यसबाहेक सबै जग्गा आकासे पानीको भरमा खेती गर्नुपर्ने हुँदा किसानले जुनसुकै बालीको उपयुक्त बेलामा खेती लगाउन पाएका छैनन् ।

चुरे पर्वत् श्रेणीबाट झर्ने रातु, बडहरी, भब्सी, जङ्घा, मरहा, गणन्ता, ओक्सी, बिग्ही, खयरमारा, टुटेश्वर र बाँकेलगायत नदी जिल्ला भएर बग्दै एकअर्कोमा मिसिएर भारतको सीतामढी जिल्ला पुग्दछन् । जिल्लाको पूर्व-पश्चिम चौडाइभित्र प्रत्येक दुई किलोमीटरभित्र नदी परे पनि किसानको खेतमा पानी पुऱ्याउन नसकिएकामा यहाँका किसान कटाक्ष गर्छन् । “पछिल्ला छ वर्षयता स्थानीय तहमा जनताका प्रतिनिधि आएका छन् । जनताका मर्का र समस्या तत्कालै बुझ्न, हेर्न सक्ने स्थानीय तहले पहलकदमी लिई दिनुपऱ्यो”, बर्दिबास-९ पशुपतिनगरका किसान नथुनी महतोले बताउनुभयो । जिल्लाका १५ स्थानीय तहले कृषि लक्षित विभिन्न योजना घोषणा गरे पनि सिँचाइको उचित प्रबन्ध हुन नसक्दासम्म सबै योजनाहरु प्रभावकारी बन्न नसक्ने उहाँको भनाइ छ ।

## मधेशमा...

### सरकारी प्रोत्साहन

तत्कालीन सरकारले पहाडबाट मधेसमा बसाइँसराइलाई उत्प्रेरित गर्न विभिन्न प्रकारका कार्यक्रमहरु अघि सारेको थियो । विभिन्न पञ्चवर्षीय योजनाकालमा आकर्षक प्रस्तावसहित पहाडबाट तराईतिर बसाइँ सार्न राजा महेन्द्रले थालेका थिए । नेपालमा पहाडबाट तराईलाई आवाद गरेर बसोबासका लागि प्रेरित गर्न अघि सारिएका केही कार्यक्रमहरु यस्ता थिए राप्ती उपत्यका बहुउद्देश्यीय परियोजना (सन् १९५६-६२), खजुरा पुनर्वास परियोजना बाँके (१९६६), जमुनी पुनर्वास परियोजना बर्दिया (१९७०), झापा पुनर्वास परियोजना (१९७०), प्रशासन पुनर्वास परियोजना (१९७०), धनेवा पुनर्वास परियोजना नवलपरासी (१९७५), जुगेडा पुनर्वास परियोजना (१९७५) आदि । पहिलो पञ्चवर्षीय योजनाकालदेखि निरन्तरता दिइँदै आएको यो कार्यक्रमलाई छैटौँ पञ्चवर्षीय योजनाकाल (१९८०-८५)मन कञ्चनपुर, बर्दिया, सर्लाही, नवलपरासी, कैलाली र झापालगायतका जिल्लामा विस्तार गरिएको थियो । यी जिल्लाहरुमा पहाडी र हिमाली क्षेत्रबाट मानिसहरु ल्याउनका लागि सन् १९६४ मा सरकारले पुनर्वास कम्पनी नै स्थापना गरेर पहाडबाट तराईतिरको बसाइँसराइलाई उत्प्रेरित गरेको थियो । सुरुमा पूर्वपश्चिम राजमार्ग आसपासका ठाउँहरुमा बसाइँसराईको सघन प्रभाव थियो ।

### तराईका दुःख

तराईको दुःख आन्तरिक मात्र छैन, बाह्य जनसँख्याको भार बोक्नुपर्ने पनि छ । खुला सिमानाका कारण नेपालमा दक्षिणबाट मानिसहरु आवतजावत गर्न कुनै रोकतोक छैन । त्यसकारण ठूलो संख्यामा दक्षिणतिरका मानिसहरु पनि तराई क्षेत्रमा बसोबास गरेका छन् । यी सबैको कुल योग भनेको तराईमा एक प्रकारको जनसँख्या बहुलताको समस्या हो । यसो भनेर यति जनसँख्यालाई तराईले थेग्नै सक्दैन भन्ने चाहिँ होइन । जनसँख्याको यो आकर्षणलाई व्यवस्थित गर्ने, अन्नको भण्डारका रुपमा रहेको तराईको पहिचानलाई कायमै गर्ने, निर्यातलाई निरुत्साहित गर्ने जिम्मेवारीको अंश पनि तराई क्षेत्रलाई बढी छ । त्यसले गर्दा तराईमा ढिलो नगरी एकीकृत बस्ती विकासका कार्यक्रम, कृषि र बसोबासको जमिनको वर्गीकरण, व्यवस्थित सहरीकरण, उद्योगधन्दा, विद्यालय र अस्पताल, विमानस्थल आदि जस्ता पूर्वाधारको सञ्चालनका दीर्घकालीन योजना जरुरी छ ।

### भूगोल सानो, जनसँख्या ठूलो

सघन जनसँख्याको भार खेपिरहेको तराईले आगामी दशकहरुमा राजनीतिमा नयाँ नयाँ मुद्दाहरु स्थापित गर्ने कुराका संकेतहरु त अहिले नै देखिन थालेका छन् । तर अहिले चाहिँ यस ठाउँमा बसोबास गर्न आएका मानिसहरुलाई व्यवस्थित रुपमा बसाउन सकिएन भने आगामी केही दशकमा तराईमा बस्ने मानिसहरुले कष्टपूर्ण जीवन शैली बिताउनुपर्ने हुन्छ ।

प्राकृतिक विपत्तिमा ठूलो धनजनको क्षति तराईको नियति हुनेछ । घना जनसँख्याको आवश्यकता पूरा गर्न नसक्दा हुन सक्ने दङ्गा अर्को जोखिम  हो । त्यसैले यी सबै कुरालाई मध्यनजर गरेर तराईको खेतीयोग्य जमिनको आकार घटे पनि उत्पादन बढाउनु पनि हाम्रै दायित्व हुनेछ । कृषिमा आधुनिकीकरण, मेसिनीकरण, मल बीउको समयमै उपलब्धता र कृषि उपजको बजारको सुनिश्चिचता तराईका प्राथमिकता हुनु पर्दछ ।

### तराईको ‘ब्रेन गेन’

बसाइँसराइ गन्तव्य स्थानका लागि चुनौतीमात्र होइन, ठूलो अवसर पनि हो । संसारका जति पनि देशहरुले चाँडोचाँडो समद्धि हासिल गरेका छन् । त्यहाँ बसाइँ सराईको ठूलो योगदान छ । यसरी दक्ष, सीपयुक्त तथा क्षमतावान् मान्छे बसाइँ सरी कुनै पनि स्थानमा आउने अवस्थालाई जनसाँख्यिक भाषामा ‘ब्रेन गेन’ भनिन्छ । यस अर्थमा नेपालको तराईले ब्रेन गेन गरिरहेको स्थिति छ भने हिमाली र पहाडी क्षेत्रहरुले ‘ ब्रेन ड्रेन’को सामना गरिरहेका छन् ।

बसाइँ सर्ने मानिसहरु अक्सर साहसी, सिर्जनशील, पढालेखा, जोखिम मोल्न सक्ने, युवा र तुलनात्मक रुपमा आर्थिक रुपले सम्पन्न वर्गका हुन्छन्  । यसको परीक्षणका लागि तपाई हामीले हाम्रो गाउँ छिमेकलाई नयाँ थातथलो बनाउन आएका छिमेकीलाई हेरौं । यसमा कति सत्यता छ । पत्ता लागिहाल्छ । ती बसाइँ सराईहरु केही न केही नयाँ काम गर्न इच्छुक हुन्छन् । त्यसको वातावरण स्थानीय, प्रदेश र संघीय सरकारले उपलब्ध गराउनु पर्दछ । त्यसैले हाम्रो तराई प्राकृतिक उत्पादनको हिसाबले मात्र उर्वर छैन, मानवीय दिमागका हिसाबले पनि उर्वर छ । यसलाई सदुपयोग गरौं । समृद्धि हासिल गरौं ।

*(लेखक चेतन अधिकारी पत्रकार हुनुहुन्छ, उहाँले यो लेख राससमा प्रकाशित भएको थियो)*

## पहिचानबिनाको...

राज्यसँग यो भूगोलको उत्पत्ति, लोकसाहित्य, संस्कृति, जीवन पद्धतिको एकीकृत दस्तावेज रहेन बताउनुभयो । मधेसको इतिहास लेख्दा प्राचीन कोचिला, मिथिला, भोजपुरा, मगध, अवध र थरूहटका भाषा, संस्कृति, परम्परा र विभिन्न जातजातिको विकासक्रमका विषय समेट्नुपर्छ । थुनिए र यातना खेपे ।”


इतिहासका जानकार विक्रममणि त्रिपाठी हिजोका दिनमा नेपालको राष्ट्रिय छवि र राष्ट्रियता मजबुत बनाउने नाममा मधेशको चिनारीलाई कमजोर बनाइएको बताउनुहुन्छ । आफ्नो पहिचानको कुरा गर्दै मधेसमा राजनीतिक अधिकार तथा भाषिक, सांस्कृतिक पहिचान स्थापित गर्न जनतामा आएको जागरण र मधेश विद्रोहबाट नयाँ दलहरुको उत्पति हुनु सुखद् भए पनि त्यसलाई सहीरुपमा प्रयोग गर्न जरुरी रहेको उहाँको धारणा छ ।

## प्रचण्ड...

हुनुभएको हो । माओवादीबाट अलग भएको ११ वर्षपछि विप्लवलाई प्रधानमन्त्री प्रचण्ड र कृष्णबहादुर महाराले महत्व दिन थालेपछि जनार्दन र वर्षमान झस्किनु भएको हो । हालै किर्तिपुरमा सम्पन्न एउटा कार्यक्रममा उपमहासचिव जनार्दन शर्माले भन्नुभएको थियो, ‘हामीले प्रचण्ड कमरेडलाई लामो समयदेखि साथ दिँदै आएका छौँ । भोली पनि हामीले नै साथ दिने हो । हामीप्रति भरोसा भएको देखिएन, अर्कै पार्टीका नेताबाट केही हुनेवाला छैन । आफ्नै साथीहरुको भर पर्दा राम्रो हुन्छ ।’ यता, अर्का महासचिव वर्षमान पुनले विप्लवलाई रोक्न होइन, पार्टीको हितमा आफू मिलेको बताउनुभयो । उहाँले भन्नुभयो, ‘हामी पहिला पनि मिलेकै थियौं, बीचमा केही मिसअन्डरस्ट्याण्डिङ भएपछि अलग जस्तो देखिएको थियो अहिले हामी पार्टीको हितका लागि एकजुट भएर लागेका छौं ।’ यसरी जनार्दन र वर्षमान एक भएपछि कृष्णबहादुर महरा झस्किनुभएको छ ।







# विजेताको अन्तिम इच्छा....

आफूसंग लिएर गएको थिएँ । म यसपटक कुनै 'रिस्क' लिन चाहिनँ । मैले गरेको सबै समाचाा।को फाइल प्रतीक सरले हेर्नुभयो तर विराटनगरको रंगेलीमा गरेको सीमापारिका डाकाहरुबाट बलात्कृत महिलाहरुको लामो स्टोरी भने धेरै समय लगाएर हेर्नु भयो, पढ्नु भयो संभवतः । प्रशंसा पनि गर्नुभयो र मैले त्यसै दिन नागरिक दैनिकमा संवाददाताको जागिर पाए । करारमा । विजेता भन्नुहुन्छ यो मेरो करियरको दोस्रो इनिगं थियो र राजधानी मेरो लागि नयाँ ठाउँ । तर म यतिबेला तनमनले तैयार भइसकेको थिए । नागरिकको शनिबारीय परिशिष्ठांकमा विजेतालाई स्थान दिइयो ।

प्रत्येक आइतबार शनिबार प्रकाशित हुने समाचार, स्टोरी, फिचर, साहित्यहरुमाथि टिमसंग सम्पादक प्रधान स्वयम बसेर टिप्पणी गर्थे, छलफल गर्ने । विजेताले सल्लाहसुझावका साथै धेरै पटक प्रशंसा पाउनु भयो । २०७२ सालमा गएको ठूलो भूकम्पको स्टोरीहरु नागरिकको लागि गरिरहँदा विजेतालाई उहाँको श्रीमानले निकै मद्दद गर्नुभयो । पत्रकारितामा पुनः प्रवेशदेखि निरन्तर लागि रहनलाई विजेतालाई उहाँको श्रीमानको सधै साथ र सहयोग प्राप्त भयो । त्यसको कही समयपछि प्रतिक प्रधान तत्कालिन प्रधानमन्त्री सुशिल कोइरालाको प्रेस सल्लाहकार भएर जानुभयो । त्यो ठाउँमा अन्नपूर्ण पोष्टबाट गुणराज लुईटेल आउनुभयो । उहाँ आएपछि केही स्टाफलाई घटाउने क्रममा विजेता पनि त्यसमा पर्नुभयो ।

पत्रकारिताको लय फेरि टुटेपनि यसपटक उहाँमा आत्मबल बढिसकेको थियो र आफ्नोलागि अन्त काम खोज्न थाल्नुभएको थियो । तर यसबीच साहित्य लेखनको काम कहिले छाड्नु भएन । घरमा बसेर पनि उहाँले कथा, कविताहरु लेख्नुहुन्थ्यो । केही समय पश्चात नै सम्पादक प्रतिक प्रधान बाह्रखरी डट कम भन्ने आफ्नै अनलाइन सञ्चालनमा ल्याउनुभयो । र, उहाँले विजेतलाई बाह्खरीमा पुनः अवसर दिनुभयो । बाह्रखरीमा विजेताले कानुन, शिक्षा, साहित्यमा कलम चलाउन थाल्नुभयो ।

विजेता भन्नुहुन्छ, 'मैले बाह्खरीमा साढे दुई वर्षमात्रै काम गरे तर त्यो समय मेरो लागि पत्रकारिताको विश्वविद्यालय जस्तै थियो, मैले धेरै कुरा त्यहाँ सिक्ने मौका पाए र आफूभित्रको कमीकमजोरीलाई निखारने मौका पाए । बाह्खरीमा आफूभन्दा जुनियलाई अग्रस्थानमा धेरै तलब दिएर राखेपछि विजेतको मन चुँडियो र उहाँले जुनियरलाई रिपोर्ट बुझाउने गरि नबस्ने दृढनिश्चय साथ काम छोड्नुभयो । विजेता भन्नुहुन्छ, मभन्दा सुपिरियर भएको भए म सम्मान गर्थेहोला तर मसंग सोधेर लेख्नेलाई दिनभरि गर्ने कामका फेहरिस्त बुझाइराख्न मेरो आत्मसम्मानले दिएन ।

बाह्खरी छोड्नुभन्दा अगाडी नै अन्नपूर्णपोष्टका कानुन हेर्ने वरिष्ठ संवाददाता यम विरहीले विजेतालाई अन्नपूर्णमा कामगर्ने प्रस्ताव गरे जसलाई विजेताले स्वीकार पनि गरिन् तर यसैबीच विरही विरामी परे र विजेतासंग कुरा हुनसकेन । यता कान्तिपुरका संवाददाता मकर श्रेष्ठले शिक्षापत्र पत्रिकामा आफूसंग काम गर्न प्रस्ताव गरे । मकरले पनि कान्तिपुरमा राजीनामा गरिसकेका थिए । शिक्षापत्रमा विजेतालाई  आर्कषक तलब दिनेभयो । बाह्खरीको लागि विजेताले शिक्षामा गरेको स्टोरी र समाचारहरु देखेर नै श्रेष्ठले त्यस्तो अफर गरेका थिए । र विजेता शिक्षापत्रमा आवद्ध भइन् तर एक दुई महिना तलब नियमित दिएपनि विस्तारै होल्ड हुनथाल्यो । अनि पूरै टिमले शिक्षापत्र छोडे । यसै बीच विजेता दोस्रो पटक गर्भवती हुनुभयो र बच्चा पाउने भनि उहाँले पुनः पत्रकारिताबाट केही समय विश्राम लिनुभयो । यो पहिलो लकडाउन सुरु हुने समय थियो । विजेताले दोस्रो संतानको रुपमा छोरी वेदीकालाई जन्म दिनुभयो ।

**साहित्यमा अलग छाप**

कक्षा ६ देखि कविता लेख्न सुरु गर्नुभएको विजेता एसएलसी पास गरेपछि उहाँका कविताहरु विभिन्न स्थानीय पत्रपत्रिकामा छाप्न थालिएको थियो । सुरुमा उहाँको कविताहरु नेपालीमा हुन्थ्यो । पछि मात्र उहाँले मैथिलीमा लेख्न थाल्नुभयो । उहाँकी आमा निरारानी चौधरी मैथिली पत्रपत्रिका तथा किताबहरु पढ्नु हुन्थ्यो । घरमा मैथिली किताबहरु हुन्थे । त्यो देखेर उहाँको चासो मैथिलीतर्फ गएको थियो । उहाँकी आमा पनि आफ्नो समयको इन्टर पास हुनुहुन्थ्यो । विजेता भन्नुहुन्छ, ' आमाले प्रायः पढिरहनु भएको हरिमोहन झाको रचना मैले पनि पढे, मलाई मैथिली रचना र भाषाप्रति इन्ट्रेष्ट त्यही दिनदेखि जाग्यो र म त्यतीबेलैदेखि मैथिलीमा पनि कविता लेख्न थाले ।' मैथिली भाषाको पहिलो कथा 'हाइ रे विजली के बील' तहल्का डट नेपालमा छापिएको थियो । त्यसपछि अन्य पत्रिकामा पनि छापिन थाल्यो । साहित्यप्रति रुची बढ्दै गयो । साहित्य र पत्रकारितालाई उहाँले सँगैसँगै लग्नुभयो । साहित्यकार अशोक दत्त विजेताका काका पर्नुहुन्छ । जनकपुरको देवीचोकस्थित चित्रगुप्त भवनमा कविता वाचनको कार्यक्रम थियो । अशोक दत्तले विजेतालाई लिएर त्यहाँ जानुभएको थियो । विजेताले पहिलो पटक मैथिली भाषामा आफ्नो कविता वाचन गर्नुभएको थियो । त्यसपछि उहाँ कहिल्यै रोकिनु भएन ।

विजेताका अनुसार, रमानन्द युवा क्लवले गर्ने प्रत्येक महिनाको अन्तिम शनिवारको कविता वाचन कार्यक्रमले उहाँको रचनाहरुलाईपरिस्कृत बनाउन मदत पुर्याएको हो ।

विजेताको कविता संग्रह धाराक विरुद्धको चर्चा स्वयम कविहरुले नै गर्छन् । उनको लेखनको उत्कर्ष कवितामा देखिन्छ । भने मधेश आन्दोलमाथि रहेको कथा संग्ह कर्फ्यूको लागि उहाँलाई भारतीय मिथिला क्षेत्रबाट प्रदान गरिने विशिष्ठ ज्योत्सना सम्मान समेत प्रदान गरिएको छ ।

**गार्गी देखि ज्योत्सना साहित्य सम्मान**

पत्रकार साहित्यरका विजेता चौधरीको पहिलो कृति, धाराक विरुद्ध कविता संग्रह, सन् २०१९ मा प्रकाशित छ । त्यस्तै कफ्र्यु कथा संग्रह सन् २०२० मा र चुप्पी चिकरैछ निःशब्द निःशब्द, एक पाँति कविता संग्रह २०२१, नवारम्भ प्रकाशन मधुबनी, विहारबाट प्रकाशित छ । एक पाँति कविता लेखनको श्रीगणेश गरेको श्रेय पनि विजेतालाई प्राप्त छ । यसका साथै नेपाली साहित्यका मुर्धन्य साहित्यकार मनु ब्राजाकीको तिम्रो स्वासनी र म कथा संग्रहको विजेताले मैथिलीमा अनुवादसमेत गनुभएको छ ।

उहाँलाई चित्रगुप्त सेवा समिति जनकपुरद्वारा उत्कृष्ट साहित्य सम्मान २०७४ प्रदान गरिएको छ । कथा संग्रह कर्फ्युकोलागि चेतना समिति पटनाद्वारा ज्योत्स्ना साहित्य समान प्रदान गरिएको छ । भने मैथिली साहित्यकार सभा जनकपुरद्वारा, गार्गी साहित्य सम्मान २०७८, नेपाल चित्रगुप्त समाज, काठमाडौंद्वारा उदीयमान साहित्यकार-पत्रकार पुरस्कार २०७८ प्रदान गरिएको छ । त्यसैगरी पत्रकारिता तर्फको प्रेस काउन्सिल समावेशी पत्रकारिता पुरस्कारबाट समेत विजेता सम्मानित हुनुभएकोछ । साहित्यमा आफूले गर्न खोजेको कुरा अझै गर्न बाँकी नै रहको उहाँ बताउनुहुन्छ ।

**श्रीमानको निधन**

जीवनमा सबै ठीक चलिरहेको थियो । छोरी हुर्कदै थिइ । छोरी दुई वर्ष पुग्नलागेको खुशीमा गाउँमा गएर परिवारका साथ जन्मदिन मनाउने तैयारी चलिरहेको बेला अचानक विजेताको श्रीमानको छातीमा पीडा उत्पन्न भयो । केही समय औषधि खानुभयो तर निको भएन । एक साता त्यसै बित्यो । पीडा बढ्दै गएपछि नर्भिक अस्पताल थापाथलीमा उपचारको लागि श्रीमान-श्रीमति पुगे । समस्या हेरेर चिकित्सकहरुले सिटीस्क्यान गर्नुपर्ने भने, चिकित्सको हाउभावले केही समस्या छ भन्ने अनुमान दुबैलाई नभएको होइन तर बोल्न एकअर्कालाई भन्न सहिरहेका थिएनन् । विजेताको मनमा एकप्रकारको भय उत्पन्न हुन थालेको थियो । र त्यही भयो जसको डर थियो । नर्भिकले लिभरको क्यान्सको शंका गर्यो र बायपसीको लागि भन्यो । त्यो दिनदेखि विजेताको जीवनमा दूरदिन सुरुभएको थियो ।

श्रीमानलाई जसरी पनि बचाउनु पर्छ भन्ने सोचका साथ दिल्ली गएर उपचार गरियो तर उहाँको क्यान्सर अन्तिम स्टेजमा पुगिसेको थियो । चिकित्सकहरुले अब धेरै समय नरहेको परिवारजनलाई बताइसके पनि विजेतालाई सुरुमा जानकारी गराइएको थिएन । उहाँ अहोरात्र श्रीमानको स्वास्थ्य सुधारकोलागि खट्नुभयो, पूजापाठ, धर्मकर्म, जाप सबै सबै गुर्नभयो । सानी काँखे छोरी बोकेर दिल्लीदेखि छत्तिसगढको रायपुर र हरिद्वारको पतंजलीसमेत लगेर उपचार गराउनु भयो तर श्रीमानलाई बचाउन सक्नुभएन । २०७८ को चैत्रमा उहाँलाई क्यान्सर भएको पत्तालाग्यो र २०७९ को असाढ ११ गते काठमाडौं हरिसिद्धिस्थित क्यानस अस्पतालमा विजेतका श्रीमानले अन्तिम सास लिनुभयो ।

विजेता त्यो समय सम्झन चाहनुहुन्न । उहाँ भन्नुहुन्छ, मैले जीवनमा अमूल्य सम्पत्ति गुमाए, जसमाथि मेरो पूरै दृष्टि कायम थियो । अब मसंग गुमाउनलाई केही बाँकी रहेन ।' विजेताका श्रीमानले सुरु गरेका विजनेशहरु थिए । तर त्यसलाई चलाउने क्षमता बिजेतासँग थिएन । किनभने त्यतातिर उहाँले कहिले ध्यान नै दिनुभएको थिएन । औषधी पसल चलाउने कोशिस पनि गर्नुभयो तर नसकिने रहेछ भनि त्यसलाई बेच्ने सोचमा पुगि स क्नुभएको छ । अरु व्यवसायी पार्टनसीपमा छ त्यताको बारेमा उहाँले कुनै जानकारी नै लिनुभको छैन ।

श्रीमानको निधन, दुईटा छोरी, घर संसार, परिवार, व्यपार सबै लथालिङ हुने अवस्थामा गएपछि विजेता एकपटक निकै डिप्रेशनमा पुग्नुभएको थियो । व्यपार गर्दा श्रीमानले लिनुभएको बैंक ऋणहरु सबै विजेताको टाउकोमा आयो । साहुहरु सबै ऋण चुक्ता गर्न ताकेता गर्न थाले । अनेक तनावहरु आउन थाले तर हेर्ने, सहारा दिने कोहि पनि भएन । शोक बलियो कि समस्या भन्ने अन्तर नै रहेन विजेतालाई । दुबै मिश्रित भएर महाशोक हुनपुग्यो । जोसंग छुटकारा पाउन कति वर्ष लाग्ने विजेतालाई नै थाहा छैन ।

बच्चाहरु सानै छ, सबैको जिम्मेबारी उठाउनु पर्छ कि भन्ने डरले सबै आफन्तहरु हतार-हतार लाखा-पाखा लागे । र यसैबीच विजेताले आफ्नो परिवार र कुटुम्बलाई राम्रोसँग चिन्न पाउनुभयो । उहाँ भन्नुहुन्छ 'म त अर्कै दुनियाँमा बाँचेको रहेछु, सधैं यथार्थ लेखे पनि आफू अंधकारमा हुने लेखक म मात्रै रहेछु । हुन् त विरामी हुँदा पनि श्रीमानले विजेतालाई बेलाबेला सचेत गराउँथे, यी भीड क्षणिक हुन् आफ्नो खुट्टा बलियो बनाउ । श्रीमानले विजेतका लागि पुग्ने सम्पत्ति छोडेर गएका छन् । उहाँलाई कसैको सहाराको आवश्यकता नै पर्दैन । विजेताले खोजको सदभाव मात्रै थियो । तर समय विपरित भएपछि मित्र पनि शत्रु हुने तथ्य उहाँले पत्यक्ष भोग्नुभयो । यद्यपि जीवनमा ठूलो संकटको सामना गरेर उहाँ पुनः पेशाको रुपमा पत्रकारितामा फर्कनुभएको छ । अहिले उहाँ नेपालसमय अनलाइनमा वरिष्ठ संवाददाताको रुपमा काम गरिरहनु भएको छ । उहाँले अन्त्यमा भन्नुभयो, 'बाँकी जीवन पत्रकारिता गर्दा गर्दै बिताउँछु पत्रकारिता गर्दा गर्दै मर्न पाउ भनि अन्तिम इच्छा हो ।'

**सुशासन कायम गरौं**

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्धण** : पारू अफसेट प्रेस, डिल्लीबजार